गैडहवा गाउँपालिकाको

(N-Wash) प्रणालीमा आधारित खानेपानी, सरसफाई तथा

स्वच्छता वास २०८२-८३

योजना सम्बन्धी विवरण

❖

❖

❖

❖

❖

❖

परामर्श दाता : नवकिरण नेपाल तानसेन ३,पाल्पा

फोन : ९८५७०६५७३६,९८४७०९८७३६

NAVA KRIAN NEPAL TANSEN -3 ,PALPA

Email :navakrina@gmail.com

Gaidahawa Rural Municipality Water Supply, Sanitation, and Hygiene (WASH)

अध्यक्षको कलमबाट

गैंडहवा गाउँपालिका रुपन्देही जिल्लाको पश्चिम भागमा अवस्थित प्राकृतिक, वातावरणीय, ऐतिहासिक तथा सांस्कृतिक दृष्टिले महत्वपूर्ण गाउँपालिका हो । वातावरणीय तथा प्राकृतिकरूपले अत्यन्त मनोरम मानिने गाउँपालिका वडा नं ४ . विष्णुपुरामा अवस्थित प्रसिद्ध "गैंडहवा ताल" को नामबाट यस गाउँपालिकाको नामकरण गरिएको हो । जैविक विविधता, प्राकृतिक सौन्दर्य तथा पर्यटकीय सम्भावनाले सम्पन्न उक्त ताल यस गाउँपालिकाको पहिचान तथा गौरवको महत्वपूर्ण आधारका रूपमा रहेको छ ।

नेपाल सरकारद्वारा राज्य पुनर्संरचना तथा स्थानीय तह गठन गर्ने क्रममा साविकका साडी, जोगडा, विष्णुपुरा तथा सूर्यपुरा गाउँ विकास समितिहरूलाई समायोजन गरी गैंडहवा गाउँपालिकाको स्थापना गरिएको हो । ९६.६९ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको यस गाउँपालिकाको कुल जनसंख्या ५६,१४९ रहेको छ, जसमा **पुरुष २७,८४७ तथा महिला २८,३०२** रहेका छन् । गाउँपालिकामा कुल ९ वटा वडा रहेका छन् । यस गाउँपालिकाको पूर्वमा शुद्धोधन गाउँपालिका तथा मायादेवी गाउँपालिका, पश्चिममा कपिलवस्तु जिल्ला, उत्तरमा कञ्चन गाउँपालिका तथा सैनामैना गाउँपालिका र दक्षिणमा लुम्बिनी सांस्कृतिक गाउँपालिका पर्दछन् ।

प्राकृतिक स्रोतसाधन, कृषि उत्पादन, सामाजिक सद्भाव तथा सांस्कृतिक विविधताले सम्पन्न यस गाउँपालिकाले स्थानीय विकास तथा समृद्धिको दिशामा निरन्तर प्रगति गरिरहेको छ । यहाँका अधिकांश नागरिकहरूको मुख्य पेशा कृषि रहेको छ भने व्यापार, पशुपालन, साना उद्यम तथा वैदेशिक रोजगारले समेत स्थानीय अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएका छन् । विविध जातजाति, भाषा, धर्म तथा संस्कृतिको सहअस्तित्व रहेको यस गाउँपालिकामा सामाजिक एकता तथा सामुदायिक सहकार्यको परम्परा अत्यन्त सुदृढ रहेको छ ।

स्थानीय सरकार सञ्चालनको वर्तमान संरचनाले नागरिकलाई आधारभूत सेवा सहज, गुणस्तरीय तथा दिगो रूपमा उपलब्ध गराउने महत्वपूर्ण जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ । यसै सन्दर्भमा गाउँपालिकाले खानेपानी, सरसफाइ तथा स्वच्छता (WASH) क्षेत्रलाई स्थानीय विकासको प्रमुख आधारका रूपमा स्वीकार गर्दै योजनाबद्ध तथा दीर्घकालीन रणनीतिअनुसार कार्य अगाडि बढाएको छ । सुरक्षित खानेपानी, पूर्ण सरसफाइ तथा स्वच्छ व्यवहार मानव स्वास्थ्य, सामाजिक विकास तथा वातावरणीय संरक्षणका आधारभूत सूचक भएकाले वास क्षेत्रलाई गाउँपालिकाको उच्च प्राथमिकतामा राखिएको छ ।

गाउँपालिकाभित्र रहेका खानेपानी आयोजना, सार्वजनिक धारा, विद्यालय, स्वास्थ्य संस्था, घरधुरी तथा सरसफाइ संरचनाहरूको अवस्थाबारे आधुनिक GPS प्रविधिसहित तथ्याङ्क संकलन, अभिलेखीकरण तथा विश्लेषण गरी वास्तविक आवश्यकतामा आधारित वास योजना निर्माण गरिएको छ । यस योजनाले खानेपानी सेवा विस्तार, सरसफाइ पूर्वाधार विकास, फोहोरमैला व्यवस्थापन, जलस्रोत संरक्षण तथा जनस्वास्थ्य सुधारमा महत्वपूर्ण मार्गदर्शन प्रदान गर्ने विश्वास लिइएको छ ।

अन्त्यमा,गाउँपालिकाको वास योजना निर्माण तथा अध्यावधिक कार्यमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी, प्राविधिक टोली, विकास साझेदार संस्था तथा स्थानीय समुदायप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु । "सुरक्षित खानेपानी, पूर्ण सरसफाइ र स्वस्थ जीवन" भन्ने साझा लक्ष्य हासिल गर्न सबै पक्षको सहकार्य, समन्वय तथा प्रतिबद्धता अपरिहार्य रहेको उल्लेख गर्दै सम्पूर्ण सरोकारवालामा सक्रिय सहभागिताका लागि हार्दिक आह्वान गर्दछु ।

धन्यवाद ।

सुरेन्द्र पौड्याल
अध्यक्ष

उपाध्यक्षको भनाइ

खानेपानी, सरसफाइ तथा स्वच्छता वास मानव जीवनको आधारभूत आवश्यकता मात्र नभई स्वस्थ, सभ्य, समुन्नत र दिगो समाज निर्माणको प्रमुख आधार हो । नागरिकको स्वास्थ्य, वातावरणीय स्वच्छता, सामाजिक विकास, आर्थिक उत्पादकत्व तथा जीवनस्तर सुधारसँग यस क्षेत्रको प्रत्यक्ष सम्बन्ध रहेको हुन्छ । त्यसैले सुरक्षित खानेपानी तथा दिगो सरसफाइ सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गर्नु आजको प्रमुख विकासीय आवश्यकता र स्थानीय सरकारको महत्वपूर्ण दायित्व बनेको छ ।

गैंडहवा गाउँपालिकाले गाउँपालिकावासी नागरिकको जीवनस्तरमा गुणात्मक सुधार ल्याउने उद्देश्यका साथ खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रलाई आफ्नो विकास प्राथमिकतामा विशेष महत्व दिँदै आएको छ । खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको दिगो विकासका लागि यथार्थपरक योजना निर्माण अपरिहार्य हुने भएकाले गाउँपालिकाले विस्तृत अध्ययन, तथ्याङ्क संकलन, विश्लेषण तथा सरोकारवालाहरूसँगको व्यापक परामर्शका आधारमा वास योजनालाई अध्यावधिक गरेको छ । यस क्रममा गाउँपालिकाभित्र रहेका खानेपानी आयोजनाहरू, सेवा पहुँचको अवस्था, जलस्रोतको उपलब्धता, सरसफाइको अवस्था, संस्थागत संरचना तथा समुदायका आवश्यकता र चुनौतीहरूको समग्र मूल्याङ्कन गरिएको छ । यस्तो अवस्थामा खानेपानीका स्रोतहरूको संरक्षण, पुनर्भरण, दिगो उपयोग तथा सरसफाइसम्बन्धी सचेतना अभिवृद्धि गर्नु अत्यन्त आवश्यक छ ।

गाउँपालिकाले पूर्वाधार विकाससँगै स्रोत संरक्षण, वातावरणीय सन्तुलन तथा सामुदायिक सहभागितालाई समेत समान महत्व प्रदान गर्दै आएको छ । अध्यावधिक गरिएको यस WASH Plan ले सुरक्षित खानेपानी सेवा विस्तार, सेवा गुणस्तर सुधार, दिगो सरसफाइ प्रवर्द्धन, संस्थागत क्षमता अभिवृद्धि तथा सेवा व्यवस्थापनलाई थप प्रभावकारी बनाउन मार्गदर्शन गर्ने विश्वास लिइएको छ । विशेष गरी विपन्न, सीमान्तकृत, दलित, महिला, बालबालिका तथा सेवाबाट वञ्चित समुदायसम्म गुणस्तरीय **वास** सेवाको पहुँच सुनिश्चित गर्न यस योजनाले महत्वपूर्ण आधार प्रदान गर्नेछ । यसका साथै स्वास्थ्य, शिक्षा, वातावरण संरक्षण तथा समग्र सामाजिक विकासका लक्ष्यहरू हासिल गर्न समेत यस योजनाले सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ । सुरक्षित खानेपानी र सरसफाइको दिगोपना सुनिश्चित गर्न स्थानीय सरकार, उपभोक्ता समिति, समुदाय, विकास साझेदार संस्था तथा सम्पूर्ण सरोकारवालाबीचको सहकार्य अपरिहार्य छ । गाउँपालिकाले सबै पक्षको सक्रिय सहभागिता र साझेदारीमार्फत वास क्षेत्रलाई थप प्रभावकारी, समावेशी र दिगो बनाउने प्रतिबद्धता व्यक्त गर्दछ । यस योजनाको सफल कार्यान्वयनमार्फत सुरक्षित खानेपानी, पूर्ण सरसफाइ र स्वच्छ वातावरणसहितको स्वस्थ, समृद्ध र सुन्दर गैंडहवा निर्माणमा महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गर्दछु ।

धन्यवाद ।

माधुरी जैसवाल
उपाध्यक्ष

प्रमुख प्रशासकीय अधिकृतको कलमबाट

नेपालको संविधान, २०७२ ले प्रत्येक नागरिकलाई सुरक्षित खानेपानी तथा सरसफाइ सेवामा पहुँचलाई मौलिक हकको रूपमा सुनिश्चित गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४, खानेपानी तथा सरसफाइ ऐन, २०७९ तथा दिगो विकास लक्ष्य SDGs ले समेत सबै नागरिकलाई गुणस्तरीय Water, Sanitation and Hygiene (WASH) सेवामा पहुँच सुनिश्चित गर्न स्थानीय तहको महत्वपूर्ण भूमिका रहने व्यवस्था गरेका छन्। यसै संवैधानिक, कानुनी तथा नीतिगत व्यवस्थाको कार्यान्वयन गर्दै सियारी गाउँपालिकाले वास क्षेत्रको योजनाबद्ध विकास तथा व्यवस्थापनका लागि वास योजना निर्माण तथा अध्यावधिक कार्य सम्पन्न गरेको छ।

गैंडहवा गाउँपालिका प्राकृतिक, सामाजिक तथा आर्थिक दृष्टिले महत्वपूर्ण सम्भावना बोकेको स्थानीय तह हो। विष्णुपुरास्थित गैंडहवा तालको प्राकृतिक सौन्दर्य, कृषि उत्पादनको सम्भावना, सामाजिक विविधता तथा सांस्कृतिक पहिचानले गाउँपालिकालाई विशिष्ट बनाएको छ। यद्यपि सुरक्षित खानेपानीको पहुँच, दीगो सरसफाइ व्यवस्थापन, फोहोरमैला व्यवस्थापन तथा वातावरणीय संरक्षणका क्षेत्रमा अझै प्रभावकारी सुधार आवश्यक रहेको अवस्थालाई मध्यनजर गर्दै गाउँपालिकाले वास योजना निर्माण तथा अध्यावधिक कार्यलाई प्राथमिकतामा राखेको हो।

स्थानीय तहमा वास योजना तर्जुमा सम्बन्धी निर्देशिका तथा प्रचलित नीति, मापदण्ड र लुम्बिनी प्रदेश सरकारको वास कार्यविधि, २०७६ तथा वास योजना तर्जुमा निर्देशिकाले निर्दिष्ट गरेका प्रक्रियाहरूको पालना गर्दै दक्ष जनशक्तिबाट तथ्याङ्क संकलन, परीक्षण, प्रशोधन, वर्गीकरण तथा विश्लेषण गरी यस योजनाको मस्यौदा तयारी तथा अन्तिम रूप प्रदान गरिएको हो। तथ्यमा आधारित योजना निर्माणमार्फत स्रोत साधनको न्यायोचित परिचालन, प्राथमिकता निर्धारण तथा दिगो समाधान सुनिश्चित गर्ने अपेक्षा गरिएको छ।

गाउँपालिकाभित्र रहेका खानेपानी आयोजना, सार्वजनिक स्थल, विद्यालय, स्वास्थ्य संस्था, घरधुरी तथा सरसफाइ संरचनाहरूको विस्तृत तथ्याङ्क संकलन, परीक्षण, विश्लेषण तथा अभिलेखीकरण गरी यो योजना तयार गरिएको छ। आधुनिक GPS प्रविधिको प्रयोगमार्फत तथ्यमा आधारित योजना निर्माण गरिएकाले सेवा पहुँचको अवस्था पहिचान, स्रोतसाधनको न्यायोचित परिचालन तथा प्राथमिकता निर्धारणमा महत्वपूर्ण सहयोग पुग्ने अपेक्षा गरिएको छ। गाउँपालिकाको समग्र विकास योजनासँग अन्तरसम्बन्ध स्थापित गर्दै खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा शतप्रतिशत पहुँच सुनिश्चित गर्ने लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउने विश्वास लिइएको छ। यस कार्यान्वयन प्रक्रियामा सरकारी तथा गैरसरकारी निकाय, विकास साझेदार तथा सम्पूर्ण सरोकारवाला पक्षहरूको सहकार्य र समन्वय अपरिहार्य रहनेछ।

अन्त्यमा, गाउँपालिका वास योजना निर्माण तथा अद्यावधिक कार्यमा प्राविधिक सहयोग प्रदान गर्ने नवकिरण नेपाल, तानसेन पाल्पाप्रति हार्दिक आभार व्यक्त गर्दछु। साथै यस कार्यमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा योगदान पुऱ्याउने सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी, वास योजना कार्यदल तथा सरोकारवाला सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छताको लक्ष्य हासिल गर्ने यस अभियानमा साथ, सहयोग तथा महत्वपूर्ण सुझाव प्रदान गर्नु हुने सम्पूर्ण सरोकारवाला पक्षहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु। साथै, योजना निर्माण तथा अध्यावधिक प्रक्रियामा संलग्न सम्पूर्ण प्राविधिक टोली, कर्मचारी तथा सम्बन्धित निकायहरूप्रति कृतज्ञता ज्ञापन गर्दछु।

धन्यवाद।

रोमनाथ न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

विषय सूची

१. खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना योजनाको परिचय.....10
१.१. परिचय 10
१.२. उद्देश्यहरू.....11
१.३. औचित्य.....12
१.४. विषयगत क्षेत्र (Scope).....13
१.५. खानेपानी, सरसफाइ तथा स्वच्छता) खासस्व(योजना तर्जुमा बिधि र प्रक्रिया 14
१ .१.५.खासस्व योजनाको ढाँचा, सर्वेक्षण औजार र आवश्यक जनशक्ति व्यवस्थापन.....14
१ .२.५.मौजुदा वास सेवा तथा संरचनाहरुको तथ्यांक संकलन,लेखाजोखा र मस्यौदा.....15
१.५.३ .योजना प्रमाणीकरण कार्यशाला 17
१.६ .योजना तर्जुमाको लागि वास सूचकहरू.....17
१.६ .१.खानेपानी 17
१.६.२ .सरसफाइ 18
१.६.३ .स्वच्छता 18
१.६.४ .विद्यालयमा खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व)सुविधाहरू.....18
१.६.५ .स्वास्थ्य संस्थामा खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व)सुविधाहरू.....19
१.७ . खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) योजना तर्जुमा औजार को रुपमा एनवास (N-WASH Mobile Apps) 21
२.गैडहवा गाउँपालिका 22
२.१ .भौगोलिक अवस्थीति र बनौट 22
२.२ .भू-उपयोग तथा वातावरण.....25
२.३ .प्रशासनिक एकाइ 26
२.४ .जनसंख्या र जनसाङ्ख्यिक विशेषताहरू 27
२.४.१ जातजाति र अन्य जनसाङ्ख्यिक विवरण 27
२.५ .जनसङ्ख्याको गतिशिलता र बसाइ सराइको स्थिति 29
२.६ .भौतिक पूर्वाधारको अवस्था.....31
२.७ .आर्थिक अवस्था, गतिविधि र पेशा.....32
३. खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) अवस्थाको विश्लेषण.....34
३.१ .खानेपानीका प्राथमिक स्रोतहरु.....34
३.२ मौजुदा खानेपानी, सरसफाइ तथा स्वच्छता खासस्व प्रणालीको अवस्था.....35
३.२.१ .गाउँपालिकाको मौजुदा खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) प्रणालीको अवस्था अध्ययन गर्दा गाउँपालिका भित्र निम्न खानेपानी, सरसफाइ तथा स्वच्छता प्रणालीहरू रहेको देखिन्छ ।.....35

गैडहवा गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता वास योजना २०८२-२०८३

३.२.२ .घरायसी स्तरमा पहुँच र सेवा स्तर 36
३.२.३ .मानव मलमुत्र-जन्य फोहोर व्यवस्थापन: 36
३.२.४.ढल सहितको फोहोरपानी प्रशोधन केन्द्र: 38
३.२.५ .ठोस फोहोर व्यवस्थापन: 38
३.३. सरसफाइ र स्वच्छता: 39
३.४.संस्थाहरूमा कभरेज र समुच्च सेवा स्तर 40
३.५ विद्यालयमा खानेपानी, सरसफाइ तथा स्वच्छता खासस्व सुविधाहरू 40
३.८ स्वास्थ्य संस्थामा खानेपानी, सरसफाइ तथा स्वच्छता खासस्व सुविधाहरू 42
३.६ .स्वास्थ्य संस्थामा सरसफाइ 43
३.६ .१.स्वास्थ्य संस्थामा ठोस फोहोर व्यवस्थापन 43
३.७. सार्वजनिक स्थलमा खानेपानी, सरसफाइ तथा स्वच्छता) खासस्व(सुविधाहरू 45
३.८. पूर्ण सरसफाइ उन्मुख गरिएका क्रियाकलाप र मौजुदा अवस्था 46
३.९ .खानेपानी तथा सरसफाइको मौजुदा प्रणाली तथा प्रविधि: 50
३.१० .मौजुदा प्रणालीको सुचारूपना र दिगोपनाको अवस्था 55
३ .१.१०.खानेपानीको मर्मत अवस्था 55
३ .३.१०.सरसफाइको मर्मत अवस्था 56
३ .३.१०.धाराको अवस्था 56
३ .४.१०.सुचारूपना र दिगोपना लेखाजोखा 58
३.११ .उपभोक्ता समितिको संस्थागत व्यवस्थापन र दीगोपनाको अवस्था 60
३.१२ .सम्पत्तिको स्वामित्व 61
३.१३ .खानेपानी, सरसफाइ तथा स्वच्छता खासस् मा लगानी (Financing) 62
३.१४ . खानेपानी, सरसफाइ तथा स्वच्छता खासस्व क्षेत्रका चुनौतीहरू र अन्तर (Gap) 63
३ .१.१४.खानेपानी 63
३ .२.१४.सरसफाइ 64
३.१४.३. संस्थागत खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) 64
३.१५. जलवायु परिवर्तनका असरहरु, विपद जोखिम व्यवस्थापन र चुनौतीहरू 64
३.१६. हालका सुविधाहरूको सूची 65
४. योजना, प्रक्षेपण र लागत 67
४ .योजनाहरुको पहिचान 67
४.१ .१.नयाँ खानेपानी आयोजनाहरुको पहिचान र प्राथमिकता निर्धारण 67
४.१.२. नयाँ सरसफाइ आयोजनाहरुको पहिचान र प्राथमिकता निर्धारण 69
४.१.३ प्राथमिकता अनुरुप आयोजना र क्रियाकलापहरूको वितरण योजना 70
४ .४.१.उपलब्ध स्रोतहरूको लेखाजोखा 72
४.१.५. ग्यापको पूर्ति) Bridging the Gap) 72

गैडहवा गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता वास योजना २०८२-२०८२

४.२ .अनुमान सारांश कभरेज.....73
४.३ .लागत.....78
४ .१.३.लागत अनुमानको पद्धति.....78
४ .२.३.खानेपानी, सरसफाइ तथा स्वच्छता)खासस्व (योजना लागतको सारांश.....81
४.३.३ .लगानी र ग्याप.....91
४ .४.३.लगानी पूर्ति (Bridging) को सारांश.....99
४ .५.३.सम्पत्तिको मूल्य.....105
४ .६.३.सम्पत्तिको मूल्य.....106
५. खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) योजना कार्यान्वयन तथा अनुगमानको लागि सञ्चाल र साझा बुझाई....108
५.१ .योजना कार्यान्वयन अवधारणा.....108
५ .क्षेत्रगत निकायहरूको भूमिका र जिम्मेवारीहरू.....108
५.३ .संस्थागत संरचना र क्षमता अभीवृद्धिका योजनाहरु.....113
५ .१.३.गाउँपालिकाको खानेपानी, सरसफाइ र स्वच्छता संरचना (खासस्व).....113
५ .२.३.गाउँपालिकामा खानेपानी, सरसफाइ तथा स्वच्छता कोष (खासस्व).....113
५ .३.३.संस्थागत क्षमता अभिवृद्धि.....113
५.४ .अनुगमन संयन्त्रको स्थापना र नियमित अनुगमन योजना.....115
५.५ .खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) योजनाको नियमित र समयबद्ध परिमार्जन व्यवस्था.....116
५.६ .पूरक विषय तथा सवालहरु र त्यसको संवोधनका लागि व्यवस्था.....117
५.६.१. लैङ्गिक समानता तथा सामाजिक समावेसीकरण.....117
५ २.६.प्रयोगकर्ता मैत्री संरचनाको निर्माण योजना.....117
५.६.३ विपद जोखिम व्यवस्थापन.....117
५ ४.६.जलवायु परिवर्तन अनुकुलन.....118
५५.६.बैकल्पिक प्रविधि.....119
६. विस्तृत खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) कृयाकलापहरू र लागत.....120
६.१ .समावेस गरिएका प्रतिवेदनहरु.....120

गैडहवा गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता वास योजना २०८२-२०८२

चित्रहरुको सूची

चित्र 2-1: गाउँपालिकाको स्थान मानचित्र 24
चित्र 3-1: खानेपानी सेवा 35
चित्र 3-2: ट्युवबेल 36
चित्र 3-3: सरसफाइ घरधुरी 36
चित्र 3-4: शैक्षिक संस्थाका चर्पीको सेवा स्तर 42
चित्र 3-5: खानेपानीको प्रणाली तथा प्रविधि 51
चित्र 3-6: मानव मल-मुत्रजन्य फोहोर व्यवस्थापन विकल्पहरू 55
चित्र 3-7: धाराको प्रकार आधारमा सेवा प्राप्त जनसङ्ख्या 57
चित्र 3-8: सुचारूपनाको आधारमा सेवा प्राप्त जनसङ्ख्या 59
चित्र 3-9: दिगोपनाको आधारमा सेवा प्राप्त जनसङ्ख्या 59
चित्र 3-10: खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) अवयवहरू 63
चित्र 4-1: खानेपानी सेवाको कभरेज र सेवा स्तर सुधार 73
चित्र 4-2: घरायसी सरसफाइको कभरेज र सेवा स्तर सुधार 74
चित्र 4-3: खर्चको प्रकारको अनुसार खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व)को लागत 81
चित्र 4-4: क्षेत्रगत (खानेपानी, सरसफाइ र स्वच्छता) वासको लागत 82
चित्र 4-5: १० बर्षे खर्चको प्रकारको अनुसार खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व)को लागत 83
चित्र 4-6: १० बर्षे क्षेत्रगत (खानेपानी, सरसफाइ र स्वच्छता) लागत 83
चित्र 4-7: अनुमानित लगानी भिन्नता (ग्याप) 93
चित्र 4-8: लगानीमा भिन्नता (ग्याप) - लागत कम्पोनेन्ट स्तरमा 93
चित्र 4-9: लगानीमा भिन्नता (ग्याप) – क्षेत्रगत स्तरमा 94
चित्र 4-10: १० बर्षे लगानी पूर्ति (Bridging) 99
चित्र 4-11: लगानी पूर्ति (Bridging) - बर्ष अनुसार 100
चित्र 4-12: खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) सम्पत्ति 106

गैडहवा गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता वास योजना २०८२-२०८३

तालिकाहरुको सूची

तालिका 2-1: वडागत रूपमा घरधुरी र जनसङ्ख्या 23
तालिका 2-2: गाउँपालिकाको वडा विभाजन 27
तालिका 2-3: वडागत रूपमा घरधुरी र जनसङ्ख्या 29
तालिका 3-1: मौजुदा वास प्रणालीको अवस्था.....35
तालिका 3-2: घरायसी स्तरमा पहुँच र सेवा स्तर 38
तालिका 3-3: सरसफाइ र स्वच्छताको सेवा स्तर 40
तालिका 3-4: संस्थाहरूमा कभरेज र समुच्च सेवा स्तर 40
तालिका 35-: शैक्षिक संस्थामा सुधारिएको खानेपानी प्रणाली 40
तालिका 3-6: शैक्षिक संस्थाको सेवा स्तर.....41
तालिका 3-7: शैक्षिक संस्थाको चर्पीको सेवा स्तर 41
तालिका 3-8: स्वास्थ्य संस्थाको सेवा स्तर 42
तालिका 3-9: स्वास्थ्य संस्थाको अवस्था 44
तालिका 3-10: सार्वजनिक स्थलमा वासको अवस्था.....45
तालिका 3-11: गाउँपालिकामा बितरित खानेपानीको अवस्था 51
तालिका 3-12: गाउँपालिका स्थीत सरसफाईको अवस्था.....52
तालिका 3-13: मानव मल-मुत्रजन्य फोहोर व्यवस्थापन विकल्पहरू.....53
तालिका 3-14: खानेपानी आयोजनाको मर्मतको अवस्था.....56
तालिका 3-15: सरसफाइको मर्मतको अवस्था.....56
तालिका 3-16: धाराको अवस्था 57
तालिका 3-17: सुचारूपना र दिगोपना लेखाजोखा 59
तालिका 3-18: गाउँपालिकामा उपभोक्ता संस्थाको संस्थागत विशेषता 61
तालिका 3-19: खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) अवयवहरूको कूल मूल्य 61
तालिका 3-20: खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व)मा लगानीको आवश्यकता 62
तालिका 4-1: आयोजनाहरुको प्राथमिकता.....68
तालिका 4-2: खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) योजना औजार N-WASH-MIS को प्रक्षेपण 70
तालिका 4-3: खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) सेवाद्वारा जनसंख्या कभरेजको सारांश 75
तालिका 4-4: खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) सेवाद्वारा जनसंख्या कभरेजको सारांश 84
तालिका 4-5: लगानीमा भिन्नता (ग्याप) – क्षेत्रगत स्तरमा 94
तालिका 4-6: तुलनात्मक रूपमा लगानी भिन्नता (ग्याप) उच्च रहेका लगानीका मुख्य १० क्षेत्र 100
तालिका 4-7: ग्याप पूर्ति (Bridging) को सारांश.....101
तालिका 4-8: खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) सम्पत्ति मूल्य 106

गैडहवा गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता वास योजना २०८२-२०८३

१. खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना योजनाको परिचय

१.१. परिचय

खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) आम मानिसहरुको आधारभूत आवश्यकता हो । यसलाई नेपालको संविधान २०७२ को धारा ३५ (४) ले मौलिक अधिकारको रुपमा व्याख्या गरेको छ । संविधानको यस प्रावधानद्वारा नै सबै देशवासीलाई सुरक्षित खानेपानी तथा सरसफाइको पहुँच हुनुपर्ने निश्चितता प्रदान गरेको छ । सोही अनुरुप नेपाल सरकारले हरदम, सबैलाई र सबै ठाउँमा प्राप्त हुनसक्ने सुरक्षित, पर्याप्त, सुलभ, स्वीकार्य र गच्छे अनुसारको खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) सेवाको माध्यमबाट सार्वजनिक स्वास्थ र जीवनस्तर सुधार गर्ने लक्ष्य राखेको छ । यो लक्ष्य प्राप्तीमा योगदान गर्न नेपाल सरकारद्वारा खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) क्षेत्रगत विकास योजना (Sector Development Plan, 2026-2036) तयार गरिएको छ । यसै अनुरुप स्थानीय तहहरुद्वारा आ-आफ्नो क्षेत्रमा स्थानीय खासस्व योजना तर्जुमा गर्न थालिएको छ ।

सोही सन्दर्भमा गैडहवा गाउँपालिका, रुपन्देहीले आफ्नो गाउँपालिका क्षेत्रभित्रको सम्पूर्ण खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) अवस्थाको तथ्यांकहरु संकलन गरि सो को लेखाजोखा सहित सन् 2036 सम्ममा रास्ट्रले लक्षित गरेको खासस्व लक्ष्य पुरा गर्न के कस्ता आयोजना, क्रियाकलाप र गतिविधिहरु आवश्यक पर्छन् सो को पहिचान सहित यो खासस्व योजना तयार गरेको छ । यसमा गैडहवा गाउँपालिका का जनताको स्वास्थ्य तथा जीवनस्तर सुधारको लागि सुरक्षित, पर्याप्त, पहुँचयोग्य, स्वीकार्य र सस्तो खानेपानी, सरसफाइ र स्वच्छता सेवाहरू - हरेकलाई नियमित रुपमा उपलब्ध गराउने परिकल्पना गरिएको छ ।

खानेपानी तथा सरसफाइ सेवाहरू यस गैडहवा गाउँपालिका को प्राथमिकताको क्षेत्रमा परेको छ । यस खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजनामार्फत दिगो विकास लक्ष्य (एसडीजी) र खासस्व क्षेत्रगत विकास योजना (एसडीपी) मा राखिएका प्रावधान र व्यवस्था अनुरुप नै गैडहवा गाउँपालिका ले पनि सामूहिक सरोकारवाला दृष्टिकोण अनुसार आफ्ना क्रियाकलापहरु अघि बढाउने सोच बनाएको छ । यसै वमोजिम गैडहवा गाउँपालिका का प्रत्येक व्यक्तिले सन् 2036 सम्म दिगो किसिमले व्यवस्थित गरिएका खानेपानी स्रोतहरूबाट दिगो, सुरक्षित खानेपानी, सरसफाइ र स्वच्छता सेवाहरू प्राप्त गर्नेछन् भन्ने निश्चितता यस योजनाले प्रदान गरेको छ ।

थपमा, यस योजनाले गाउँपालिकालाई खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) क्षेत्रमा अझ प्रभावकारि समन्वय गर्न र विकास साझेदारहरू र सरोकारवालाहरूलाई सुस्पष्ट खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) नीति तयार पार्न सहजीकरण गर्नेछ । गाउँपालिकाको सामूहिक खासस्व लक्ष्य हासिल गर्न तथा प्रगतिको लेखाजोखा गर्दै गन्तव्य पुरा गर्ने यात्रामा अघि बढ्न पनि यो योजनाले सक्षम बनाउँनेछ ।

यस गैडहवा गाउँपालिकाको खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) योजनाभित्र स्थानीय तहको योजना तर्जुमा, लगानीको समन्वय र दृष्टिकोण (Vision) कार्यान्वयनका लागि मार्गनिर्देशन, खानेपानी र सरसफाइ सेवा प्रवाहको लागि नीतिगत उद्देश्यहरू समावेश भएका छन् । यो योजनामा गाउँपालिकाको दीर्घकालीन (2026-2036) खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) प्राथमिकताहरूका साथै एसडीपी र एसडीजीमा समावेश भए अनुसार राष्ट्रिय र अन्तर्राष्ट्रिय प्राथमिकताहरू पनि प्रतिबिम्बित भएका छन् । यो खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) योजनाको प्रमुख विशेषताहरु निम्नानुसार रहेका छन्:

- प्रत्यक्ष स्रोतहरूको निर्धारण: यो प्रक्रियामा तत्कालीन, मध्यकालीन र दीर्घकालीन

अवधिमा वित्तीय आवश्यकताहरूको विभिन्न परिदृश्यहरूको लेखाजोखा समावेश गरिएको छ । यी परिदृश्यहरूले विभिन्न निकायहरूलाई कहाँ कार्यक्रमहरू कार्यान्वयन गर्ने भन्ने प्राथमिकता निर्धारण गर्न मद्दत गर्दछ र दोहोरोपनालाई हटाइ सीमित स्रोतहरूबाट कसरि अधिकतम प्रगति हासिल गर्ने भन्ने कुराको निश्चितता प्रदान गर्दछ ।

- सेवा स्तर: यसले गाउँपालिका भित्र मौजुदा सेवाका स्तरहरू, विशेष गरी समग्र वासको सुधारिएको सेवास्तरमा पहुँच कति प्रतिशत जनसंख्याको छ साथै सुरक्षित खानेपानीमा तथा सरसफाइ सेवामा पहुँच नपुगेको जनसंख्याको प्रतिशत कति छ सो पनि दर्शाउँछ ।
- उत्तरदायित्व र सुशासनमा वृद्धि: यस योजनाले वास क्षेत्रमा समग्र गाउँपालिकाको प्रगतिको लेखाजोखालाई अनुगमन गर्न र रिपोर्टिङ गर्न सजिलो बनाउँदछ ।
- गाउँपालिका योजना तर्जुमा: यस वास योजनाले गाउँपालिकाको सम्पूर्ण विकास योजना तर्जुमा प्रक्रियालाई अझ प्रभावकारि बनाउँछ ।

संक्षेपमा यस खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) योजनाले गैडहवा गाउँपालिकाको समग्र वास क्षेत्रमा नीति र कार्यक्रमगत कार्यान्वयनको लागि स्पष्ट रूपरेखा र लक्षित गन्तव्य सहितको मार्गदर्शन प्रदान गर्दछ ।

१.२. उद्देश्यहरू

गैडहवा गाउँपालिकाको यो खासस्व योजना तयार पार्नुको प्रमुख उद्देश्य स्थानीय गाउँपालिका क्षेत्रमा खानेपानी, सरसफाइ तथा स्वच्छताको मौजुदा स्थिति पत्ता लगाइ सो बाट बंचीत समुदाय तथा क्षेत्रको लागि खासस्व सेवाको सुनिश्चितता र सेवामा स्तरीकरण प्रदान गर्नु रहेको छ । गैडहवा गाउँपालिकामा विद्ध्यमान स्रोतहरुको औचित्यपूर्ण तथा समतामूलक वितरण र समस्याको दिगो समाधान सहितको यो योजना निर्माण नै यसको प्रमुख प्रतिफल हो ।

यस खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजनाको विशिष्ट उद्देश्यहरु निम्न प्रकार रहेका छन् ।

१. गाउँपालिका भित्रका खानेपानीका विद्दयमान स्रोतहरु तथा मौजुदा खानेपानी तथा सरसफाइ सम्वन्धि संरचना/ सुविधाहरुको लगत संकलन गरी तथ्यांकको आधाररेखा (baseline) तयार गरी अभिलेखन गर्ने ।

२. गाउँपालिका क्षेत्रभित्रका सेवा नपुगेका स्थान र पहुँच बाहिरका समुदायमा खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाको पहिचान र सेवा प्रवाहको सुनिश्चितता सहित अल्पकालीन, मध्यकालीन र दीर्घकालीन रणनीतिक योजना तयार पार्ने ।

३. खानेपानी, सरसफाइ तथा स्वच्छतासंग अन्तर्सम्वन्धित विषयवस्तुहरु, जस्तै लैङ्गिक समानता र सामाजिक समावेसिता (Gender Equality and Social Inclusion), जलवायु परिवर्तन अनुकुलन (Climate Change Adaptation), विपद जोखिम व्यवस्थापन (Disaster Risk Refuction) आदीलाई महत्व दिँदै स्रोत परिचालन र प्रवर्द्धन योजना तयार पार्ने ।

४. गाउँपालिका क्षेत्रभित्रका खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा विस्तार तथा सेवा स्तरोन्नति सहित निश्चित समयावधिमा दिगो विकास लक्ष्यले तोकेका क्षेत्रगत सूचकहरु पुरा गर्न प्रतिवद्दता सहितको रणनीतिक योजना तयार पार्ने।

गैडहवा गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना २०७२-२०८३

५. खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजनासंग अन्य विषयगत योजनाहरुलाई एकिकृत गर्नको निम्ति गाउँपालिकाको संस्थागत सुदृढिकरण कार्य योजना सहित सहजीकरण गर्ने ।

६. गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको वार्षिक योजना तथा वजेट निर्माण गर्न सहजीकरण गर्ने ।

७. गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको व्यवस्थापन सूचना प्रणाली (MIS) लाई एकरुपता प्रदान गर्ने ।

माथिका उद्देश्यहरु परिपूर्ती गर्न तर्जुमा गरिएको यो खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना गाउँपालिकाका जनप्रतिनीधि, कार्यकारी निकाय तथा प्राविधिक, स्थानीय समुदाय र विषयविज्ञहरु सहित स्थानीय आवश्यकता प्रतिविम्वित हुने गरि समतामूलक र सहभागितात्मक विधिद्वारा आयोजनाहरुको प्राथमिकिकरण गरि गैडहवा गाउँपालिका कार्यपालिकाका द्वारा प्रमाणिकरण गरिएको छ ।

१.३. औचित्य

यो खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजनालाई तलका बुँदाहरूको आधारमा गैडहवा गाउँपालिकाको नीतिगत प्रतिवेदनको रूपमा लिन सकिन्छ ।

- सन् 2036 को अन्तसम्म गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा लक्ष्य सहितको मार्गदर्शन योजना: यसले खासगरी गैडहवा गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको बारेमा विस्तृत र सुस्पष्ट दृष्टिकोण सहित मुख्य समस्याहरूको विश्लेषण र बृहत् खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रका तय गरिएका उद्देश्यहरूको आधारमा नागरिकहरूलाई सेवा प्रदान गर्न गाउँपालिकाको समग्र खासस्व व्यवस्थापनमा सुधार गर्नेछ । यसले सबैका लागि खानेपानी र सरसफाइ लक्ष प्राप्त गर्न गाउँपालिकालाई आवश्यक लगानी निर्धारण गर्न सहयोग गर्ने छ । साथै सन् 2036 सम्म खानेपानी, सरसफाइ तथा स्वच्छता सेवालाई सबैको पहुँचमा पुऱ्याउँन गाउँपालिकाले जुटाउन र व्यवस्थापन गर्न सक्ने स्रोतहरु र लगानी निश्चित गर्न पनि सहयोग पुऱ्याउने छ ।
- पैरवीको लागि सहयोग: यो खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजनाले गाउँपालिकालाई आन्तरिक र बाह्य सहयोगको लागि पैरवी गर्न र यसको औचित्य पुष्टि गर्न तथा आफ्नो पक्ष बलियो बनाउन सहयोग पुऱ्याउने छ । यसको आधारमा गाउँपालिकाले महत्वपूर्ण र प्राथमिकता प्राप्त आयोजनाहरूको आयोजना प्रस्ताव तयार पारि सो को औचित्य पुष्टि गरि लगानी बढाउनको लागि अवसर प्रदान गर्नेछ ।
- क्षेत्रगत व्यवस्थापन: गैडहवा गाउँपालिकाको यो खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना समग्र उद्देश्य र सूचकहरूको आधारमा तयार गरिएको छ र यो गाउँपालिका भित्रको खासस्व क्षेत्रगत व्यवस्थापन र अनुगमनको लागि एउटा महत्वपूर्ण आधार हुनेछ ।
- क्षेत्रगत समन्वय र सहकार्य: यो खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना गाउँपालिका भित्रका सवै खासस्व सरोकारवालाहरु र अन्य मुख्य क्षेत्रगत योजना तर्जुमा समूहसंगको छलफल र सहकार्यबाट तयार गरिएको हो । त्यसकारण यसले क्षेत्रगत समन्वय र सहकार्यलाई प्रभावकारी तथा कुशल सहजीकरण र सबल गराउन मुख्य भूमिका निभाउने अपेक्षा गरिएको छ । यसले गाउँपालिका भित्रका मुख्य सरोकारवालाहरू (गैर सरकारी संस्था, निजी क्षेत्र, समुदायमा आधारित संस्था आदिको) पहिचान गर्न सहयोग

गैडहवा गाउँपालिका खानेपानी, सरसफाइ तथा स्वच्छता योजना २०८१-२०९२

गर्नेछ जसले गर्दा गाउँपालिकालाई खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) सेवा सुधारमा सहयोग पुग्ने छ।

१.४. विषयगत क्षेत्र (Scope)

यो खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना निम्नलिखित विषयगत क्षेत्रहरूमा केन्द्रित रहेको छ:

- खानेपानी र खानेपानी गुणस्तर - यस योजनाले सन् 2036 सम्म गैडहवा गाउँपालिकाको सबै घरधुरिमा दिगो आधारभूत खानेपानी सेवाहरूको पहुँच पुऱ्याउन सहयोग गर्दछ। यसले खानेपानी र खानेपानी गुणस्तर सेवा प्रवाहको ढाँचा, लागत उठतीको लागि वित्तीय संयन्त्र र उद्देश्य तथा निर्धारित लक्ष्यहरू प्राप्तिको लागि रणनीतिक कार्यहरू पनि परिभाषित गरेको छ।
- सरसफाइ तथा स्वच्छता - यसले सरसफाइ तथा स्वच्छताको क्षेत्रमा सन् 2036 सम्ममा गैडहवा गाउँपालिकाको भरपर्दो वातावरणीय सेवाहरूमा पहुँच वृद्धि र सुधार गर्ने उद्देश्य राख्दछ। यसले सरसफाइ तथा स्वच्छता सेवा प्रवाहको ढाँचा, लागत उठतीको लागि वित्तीय संयन्त्र र उद्देश्य तथा निर्धारित लक्ष्यहरू प्राप्तिको लागि रणनीतिक कार्यहरू पनि परिभाषित गरेको छ।
- विद्यालय, स्वास्थ्य संस्था र सार्वजनिक स्थानहरू - यसले गैडहवा गाउँपालिका भित्रको सबै शैक्षिक संस्था, स्वास्थ्य संस्थाका साथै बजार तथा अन्य सार्वजनिक स्थलहरुमा उन्नत सरसफाइ सेवा र आधारभूत स्वच्छता सेवा प्राप्तिमा सहयोग पुऱ्याउँछ।
- ठोस फोहोर - यसले गैडहवा गाउँपालिका भित्र सन् 2036 सम्म ठोस फोहोरको व्यवस्थापनमा सुधार गर्न सहयोग पुर्याउँछ।
- क्षमता अभिवृद्धि - यसको क्षेत्रमा गाउँपालिकाको क्षमता अभिवृद्धि गरि प्रभावकारी रूपमा योजना कार्यान्वयन, अनुगमन र मूल्याङ्कनको लागि उपभोक्ता समिति र गाउँपालिकाको भूमिका सबल बनाउने तथा सो का निम्ति आवश्यक तालिम, अभिमुखीकरण र क्षमता अभिवृद्धिका निम्ति अन्य स्रोतहरुको पहिचान गरि सो जुटाउन र व्यवस्थापन गर्न यस खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजनाले सहयोग पुऱ्याउँछ।
- समतामूलक वितरण र समावेशीता - खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) सेवा प्रवाहमा बिध्यमान असमानतालाई न्यूनिकरण गरि गाउँपालिका क्षेत्र भित्रका सेवा विमुख जनताहरुमा कसरी सेवा प्रवाहको समतामूलक वितरणको सुनिश्चितता प्रदान गर्ने भन्ने बारे यस खासस्व योजनाले व्याख्या गर्दछ।

गैडहवा गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना २०८१-२०८३

१.५. खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना तर्जुमा बिधि र प्रक्रिया

यो खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना ऋङ्खलाबद्ध कृयाकलापहरुमा आधारित प्रकृयाहरुलाई अवलम्वन गरि चरणबद्ध योजना तर्जुमा बिधिहरु प्रयोग गरि तयार गरिएको छ ।

यो प्रकृयाको सुरुवात गैडहवा गाउँपालिका ले आफ्नो पालिका क्षेत्रको खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना तर्जुमा गर्ने सोच र निर्णय संगसंगै भएको हो । योजना तर्जुमा प्रक्रियामा तथ्यांक संकलनका लागि प्रयोग गरिएको प्रविधि मोवाइलमा आधारित एनवास (N-WASH) एपको प्रविणता पूर्वक प्रयोग गर्न आवश्यक तालिम तथा अन्य प्राविधिक र वित्तिय सहयोग खानेपानी तथा ढल व्यवस्थापन विभागले पुर्यायो । गाउँपालिका तथा समुदायहरुलाई सहभागितामूलक तवरले साधन स्रोतहरुको लेखाजोखा तथा योजना प्रकृयामा सहजीकरण तथा टेवा पुर्याउनको लागि योजना तर्जुमा प्रक्रियामा संलग्न बिज्ञहरुको भूमिका रह्यो । यो योजना प्रक्रियाका सवै चरणहरु गैडहवा गाउँपालिकाकै समन्वय र संलग्नतामा सम्पन्न भएका हुन् । यो योजनाको स्वामित्व र कार्यान्वयनका लागि गाउँपालिकाको प्रतिबद्दताको सुनिश्चितता भइसके पछि सो का लागि आवश्यक भौतिक, वित्तिय र मानविय स्रोत साधनको परिचालन पनि गाउँपालिकाबाट भयो ।

खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजनाको तयारीमा गाउँपालिकाका राजनीतिक प्रतिनिधिहरू, गाउँप्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, गाउँकार्यपालिकाका सदस्यहरु / सरोकारवाला तथा गाउँपालिकाका खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) हेर्ने कर्मचारीहरु, योजना एकाइका कर्मचारीहरू आदिको संलग्नता रहेको थियो। गाउँपालिकाभित्र खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) क्षेत्रका सबै मुख्य सरोकारवालाहरूलाई यस योजना प्रक्रियामा स्थान दिइएको छ । प्राबिधिक र सामाजिक तथा संस्थागत सूचना र तथ्यांकहरु संकलन सहभागितामूलक बिधिहरु (Participatory Approach) प्रयोग गरि गरिएको थियो। नेपाल सरकार, खानेपानी मन्त्रालय, खानेपानी तथा ढल व्यवस्थापन विभागद्वारा तयार गरिएको N-WASH मोबाइल एप्स विधि अवलम्वन गरी सूचना संकलन गरियो । गैडहवा गाउँपालिकाको यो खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना स्थानीय सरकार संचालन ऐन, २०७४ मा व्यवस्था गरिएको योजना तर्जुमा प्रक्रिया लाई अवलम्वन गर्दै राष्ट्रिय योजना तर्जुमा नीति र प्रक्रियाहरूसंग समेत मिल्ने गरि तयार गरिएको हो ।

योजना प्रक्रियामा मुख्य तीन चरणहरू अनुसरण गरिएको थियो । यी चरणहरू मोटामोटी रूपमा तल व्याख्या गरिएका छन् । खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना तयारी प्रक्रियालाई "खासस्व योजना तर्जुमा मार्गदर्शन" अनुरुप नै व्याख्या गरिएको छ ।

१.५.१. खासस्व योजनाको ढाँचा, सर्वेक्षण औजार र आवश्यक जनशक्ति व्यवस्थापन

गैडहवा गाउँपालिकाले नेपाल सरकार, खानेपानी तथा ढल व्यवस्थापन विभागद्वारा प्रस्तावित ढाँचा अनुरुप नै यो खासस्व योजनाको तयारी गरेको हो । सो ढाँचामा प्रस्तावित विषयवस्तु तयारीका लागि फिल्ड सर्वेक्षण को रूजु सूची र प्रश्नावलीहरुका अलावा नेपाल सरकार, खानेपानी तथा ढल व्यवस्थापन विभागद्वारा तयार गरिएको N-WASH मोबाइल एप्स विधि अवलम्वन गर्ने गरी सूचना संकलन विधि तय गरिएको थियो ।

यस पश्चात खानेपानी आयोजना, विद्ध्यालय र स्वास्थ संस्था, घरधुरी एवं समुदाय स्तरको वास सम्वन्धि विस्तृत सूचना संकलनका लागि गाउँपालिकासंगको समन्वयमा प्राविधिक ज्ञान एवं खानेपानी, सरसफाइ र स्वच्छता क्षेत्रमा अनुभव हासिल गरेका फिल्डमा सर्वेक्षणका लागि खटिने गणक छनोट गरी मोबाइल एप्सबाट N-WASH तथ्यांक संकलन सम्वन्धि तीन दिनको तालिम संचालन गरिएको थियो । उक्त तीन दिनका तालिम पश्चात गणकहरुलाई उपरोक्त क्षेत्रका सूचनाहरु संकलनका लागि परिचालन गरिएको थियो ।

१.५.२. मौजुदा वास सेवा तथा संरचनाहरुको तथ्यांक संकलन,लेखाजोखा र मस्यौदा

तथ्यांक संकलनका निम्ति तपसिलका कामहरु गरिएको थियो ।

- गाउँपालिकामा उपलब्ध सन्दर्भ सामग्रीहरु जस्तै गाउँपालिकाको बस्तुगत विवरण,

अवयवहरू	स्याम्पलहरू
खानेपानी प्रणालीहरू	सबै
खानेपानी उपभोक्ता तथा सरसफाइ समिति	सबै
सरसफाइ सुविधाहरू (FSM, SWM, Sewerage with WWTP)	सबै
विद्यालयहरूमा खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) सुविधाहरू	सबै
स्वास्थ्य संस्थाहरूमा खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) सुविधाहरू	सबै
सार्वजनिक खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) सुविधाहरू	सबै

गाउँपालिकाको website र गाउँपालिकामा विगतमा विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाद्वारा संकलन गरेको सरसफाइ र स्वच्छता सम्वन्धि तथ्यांक र प्रगति प्रतिवेदन अध्ययन गरिएको थियो ।

- खानेपानी तथा ढल व्यवस्थापन विभाग अन्तर्गत राष्ट्रिय सूचना व्यवस्थापन आयोजना (NMIP) द्वारा तयार पारिएको देशभरिको खानेपानी आयोजनाहरुको सूचिलाई गैडहवा गाउँपालिकामा पनि मौजुदा खानेपानी आयोजनाहरुको सूचना तथा तथ्यांक संकलन गर्न प्रारम्भिक सूचिको रुपमा प्रयोग गरियो ।
- गाउँपालिका क्षेत्रभरिका शत प्रतिशत खानेपानी र सरसफाइसंग सम्वन्धित विद्ध्यमान भौतिक संरचनाहरुको सवै प्राथमिक तथ्यांकहरु GIS मा आधारित वेब N-WASH http://nwash.gov.np/dashboard र सम्बन्धित Application (अनुसूची १) को उपयोग गरिएको थियो ।
- सवै संचालित खानेपानी आयोजनाहरुको दिगोपना सम्वन्धि तथ्यांक तथा सूचनाहरु पनि N-WASH मोबाइल एप्सकै माध्यमबाट संकलन र लेखाजोखा गरियो ।
- घरपरिवार तहको खानेपानी, सरसफाइ तथा स्वच्छताको वर्तमान अवस्थाको सूचनाहरु संकलन गर्न Confidence level हुने गरि नमूना संकलन (Random Sampling Method) विधिवाट सूचनाहरु संकलन गरियो ।
- शत प्रतिशत विद्ध्यालयहरु, स्वास्थ संस्थाहरु तथा सार्वजनिक स्थलहरुमा पुगि खानेपानी तथा सरसफाइ सम्वन्धि मौजुदा अवस्था N-WASH मोबाइल एप्सको माध्यमबाट र भावि योजनाहरु सम्वन्धि सूचना पनि सोहि एप्स प्रयोग गरि प्राथमिक स्रोतकै माध्यबाट संकलन गरियो ।
- समुदायको ठोस तथा तरल फोहोर व्यवस्थापन, मानव दिसाजन्य लेदो व्यवस्थापन गरि स्रोतको पुनःप्रयोग सम्वन्धि सूचनाहरु N-WASH मोबाइल एप्स र समुदाय तहमा छलफल तथा अवलोकन गरि संकलन कार्य गरियो ।
- खानेपानीको पहुँचबाट वन्चित भएका समुदायको खानेपानीको सम्भावित स्रोतहरु र तिनको वर्तमान अवस्था (क्षमता, गुणस्तर) र भविष्यमा स्तरोन्नति गर्न सकिने अवस्थाको समेत

गैडहवा गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता वास सेवास २०८१-२०८३

आंकलन गरियो ।

- अन्य विकास साझेदारहरुको खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रमहरुको विवरणहरु पनि संकलन गरियो ।

यी सवै सूचना तथा तथ्यांकहरुको संकलनले गाउँपालिकामा खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) सेवाहरूको प्रावधानको मौजुदा अवस्थालाई स्पष्ट देखायो र यसको लेखाजोखा पछि गाउँपालिकाको समग्र खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) को अवस्थामा सन् 2036 सम्ममा लक्षित उपलब्धि हासिल गर्न के कति र कहाँ नयाँ आयोजनाहरु थप गर्नु पर्दछ र के कस्ता स्रोतहरुको व्यवस्था गर्नुपर्दछ भन्ने खाका तयार भयो । यसका लागि गाउँपालिकाको वर्तमान खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) अवस्थाको स्पस्ट जानकारी सहित वर्तमान अवस्था र 2036 सम्मको परिदृश्य विचको ग्याप विश्लेषण गरिएको थियो र खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) कभरेज र सेवा स्तर सुधारको लागि के/के कुराहरू आवश्यकता छ पहिचान गरिएको थियो ।

खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना तर्जुमा प्रकृयाकै सिलसिलामा सरोकारवालाहरूको लागि एउटा Visioning कार्यशाला आयोजना गरिएको थियो । यो कार्याशाला खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना तर्जुमा कार्यशालाको रुपमा आयोजना गरिएको थियो । जसमा गाउँपालिका, निजी क्षेत्र, नागरिक समाज, खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) संस्था लगायतका व्यक्तिहरू सहभागी थिए । सो कार्यशाला खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व)को अवस्था विश्लेषण, गाउँपालिका स्तरमा खासस्व सेवाहरूको वितरण, व्यवस्थापन र सहयोगको वातावरणलाई बुझ्नको लागि आयोजित गरिएको थियो । छलफलले खासस्व योजनाको लागि मौजुदा खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) सेवा संरचनाको तथ्याङ्क र सन्दर्भ विश्लेषण गरी योजनाको लागि आधार तयार गऱ्यो । यस कार्यशालाले वर्तमान खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) सुशासन, वित्तीय ग्याप पहिचानको स्थिति, यी मुद्दाहरूसँग सम्बन्धित चुनौतिहरू र प्रमुख निष्कर्षहरूको सारांश प्रस्तुत गऱ्यो । यस कार्यशालामा खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) सेवा प्रवाह, सञ्चालन तथा सेवा प्रवाहका मुद्दाहरू र मुख्य अवसर, सफलताका कारकहरू र चुनौतीहरूको बारेमा पनि छलफल गरिएको थियो ।

राष्ट्रिय योजनामा खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना औजारलाई मूल-प्रवाहको औजार बनाउन, आधारभूत जानकारीको रूपमा प्रोफाइलको आवश्यक प्रयोग गर्न र विकास नीति र कार्यक्रमहरूमा आधारभूत जानकारीको रूपमा यी सुचनाहरु प्रयोग गर्नको लागि पनि यो कार्यशाला आयोजना गरिएको थियो । यो कार्यशालाले पूर्ण खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) कभरेज र सेवा स्तर सुधारको लागि आवश्यकता, भिजन, परिभाषित परिणाम, रणनीति, कार्यान्वयन व्यवस्था र कोष संयन्त्रको पनि स्थापना गऱ्यो ।

मोबाइल एप्स, समुहगत छलफल, रुजु सूचिको आधारमा संकलन गरिएका सूचना तथा तथ्यांकहरुलाइ N-WASH MIS को सहयोगमा प्रशोधन तथा विश्लेषण गरियो । तत्पश्चात निर्धारित लक्ष्य हासिल गर्न हालको विद्ध्यमान अवस्था र पुग्नु पर्ने स्थान विचको अन्तरको चर्चा गर्दै स्पष्ट नीति, कार्यक्रम, बजेट र साझेदारहरुका वीचको सहकार्यको योजना सहितको नेपाल सरकार, खानेपानी तथा ढल व्यवस्थापन विभागबाट सिफारिस गरिएको ढाँचामा सन् 2026-2036 सम्मको लागि खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजनाको मस्यौदा प्रतिवेदन तयार गर्यो ।

यो प्रक्रियाले निम्न चरणहरू अनुसरण गरेको थियो:

क) गाउँपालिकाको आवश्यकता प्राथमिकीकरण गर्ने र 2026-2036 को लागि वित्तीय आवश्यकता

गैडहवा गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना २०८२-२०८३

निर्धारण गर्ने ।

ख) निम्न आधारमा तिनीहरूको क्षमता लेखाजोखा गर्ने;

अ) महसुल र शुल्क आ) स्व-लगानी इ) कर ई) हस्तान्तरण (Transfer) ।

ग) यो समयावधिको लागि वित्तीय अपुग अनुमानित गर्ने र व्यापार, शेयर, इक्विटी र बोण्ड्सद्वारा अपुग लगानी पूर्ति गर्ने तरिकाहरू पत्ता लगाउने ।

१.५.३. योजना प्रमाणीकरण कार्यशाला

योजना प्रमाणीकरण कार्यशालाको उद्देश्य "गैडहवा गाउँपालिकाको मस्यौदा खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (2026-2036)" लाई प्रमाणीकरण गर्नु थियो । कार्यशालाले योजनामा समावेश गरिएका सूचना र तथ्याङ्कको प्रमाणीकरण र समीक्षा गरेको थियो । विशेषगरी, कार्यशाला निम्न मुख्य क्षेत्रहरूमा केन्द्रित थियो ।

- खासस्व योजना प्रतिवेदनमा प्रत्येक अध्यायको सामग्री, तथ्याङ्कीय सूचक, रणनीतिक खाकाको सूचना र विश्लेषणात्मक पाठको सन्दर्भमा;
- आगामी बाटो र कार्ययोजना; यसमा योजनाको कार्यान्वयन चरणहरु, अनुगमन संयन्त्र, प्रोफाइल अद्यावधिक गर्ने समयावधि, आवश्यक फर्म्याटहरु र यो योजनालाई राष्ट्रिय तथ्याङ्कको अंशको रूपमा कसरी व्यवस्थापन, संग्रहण र सुरक्षण गर्न सकिन्छ आदि ।
- प्रस्तावित खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाका दूरदृष्टी, परिलक्ष्य, लक्ष्य, रणनीति, अन्य विकास साझेदारहरुको संलग्नता, गाउँपालिकाको खासस्व कार्यक्रमहरुको बजेट, जलवायु परिवर्तनका असर र अनुकुलन योजना, विपद व्यवस्थापनका योजना, संस्थागत क्षमता छलफलका अलावा प्राप्त सूचना र तथ्यांकहरुको पुष्टीकरण;

१.६. योजना तर्जुमाको लागि वास सूचकहरू

यस खानेपानी (खासस्व) सरसफाइ र स्वच्छता ,योजनाले 'Joint Monitoring Programme (JMP)' द्वारा दिगो विकास लक्ष्यहरूको लागि खानेपानी तथा सरसफाईमा अनुगमन स्तरलाई बढाउन र सरल बनाउन विकास गरेको 'सेवा लिस्त्रो (Ladder)' को आधारमा गाउँपालिका भित्रको वास सेवाको वर्गिकरण गरेको छ । यसले स्थापित स्त्रोतको वर्गीकरण मात्रै गर्दैन, दिगो विकास अनुगमनलाई निरन्तरता पनि प्रदान गर्दछ । यसै अनुरुप खानेपानी (खासस्व) सरसफाइ र स्वच्छता ,अन्तर्गत निम्न सेवाहरुलाई निम्नानुसारका सूचकका आधारमा परिभाषा सहित बर्गिकरण गरिएको छ ।

१.६.१. खानेपानी

सेवा स्तर	परिभाषा
सुरक्षित व्यवस्थापन गरिएको खानेपानी	सुधारिएको स्रोतबाट घर आँगनमै चाहिएको समयमा उपलब्ध; दिसाजन्य जीवाणु र रासायनिक प्रदूषण रहितको खानेपानीको सुविधाहरू
आधारभूत स्तरको खानेपानी	सुधारिएको स्रोतबाट उपलब्ध; घर आँगनदेखि धारासम्म जान आउन र पालो पर्खन समेत गरी ३० मिनेटको दूरीमा उपलब्ध खानेपानीको सुविधाहरू
सीमित स्तरको खानेपानी	सुधारिएको स्रोतबाट उपलब्ध; घर आँगनबाट धारासम्म जान आउन र पालो पर्खन समेत गरी ३० मिनेटभन्दा बढीको दूरीमा उपलब्ध खानेपानीको सुविधाहरू
सुधार नभएको खानेपानी	असुरक्षित इनार वा मूल (स्प्रिङ) बाट उपलब्ध खानेपानीको सुविधाहरू
खानेपानी सेवा नभएको	खोला, बाँध, ताल, पोखरी नदी, नहर वा सिँचाइ नहरबाट सिधा खानेपानी सङ्कलन गरिएको सुविधाहरू

१.६.२. सरसफाइ

सेवा स्तर	परिभाषा
सुरक्षित व्यवस्थापन सहितको सरसफाइ	एक घर एक चर्पीको अवधारणामा आधारित; दिसाको स्थलगत वा अफ-साइट ढुवानी गरी सुरक्षित रूपमा व्यवस्थापन गरिएको सरसफाइ सुविधाहरूको प्रयोग
आधारभूत सरसफाइ	एक घर एक चर्पीको अवधारणामा दिसाको सुरक्षित रूपमा व्यवस्थापन गरिएको सरसफाइ सुविधाहरू
सीमित सरसफाइ	दुई वा दुईभन्दा बढी घरधुरीले प्रयोग गरी दिसाको सुरक्षित व्यवस्थापन गरिएको सरसफाइ सुविधाहरू
सुधार नभएको सरसफाइ	स्ल्याब, प्लेटफर्म नभएको खाल्डे चर्पी, तैरिएको, बाल्टिन चर्पीको सुविधाहरू
खुला दिसायुक्त	खेत, बारी/जमिन, जङ्गल, झाडी, पानीमा, समुद्री तटमा दिसा विसर्जन

१.६.३. स्वच्छता

सेवा स्तर	परिभाषा
आधारभूत स्वच्छता	परिसरमा साबुन पानी सहितको हात धुने सुविधा भएको
सीमित स्वच्छता	परिसरमा साबुन पानी बिनाको हात धुने सुविधा भएको
स्वच्छता सुविधा नभएको	परिसरमा हात धुने सुविधा नभएको

१.६.४. विद्यालयमा खानेपानी, सरसफाइ र स्वच्छता खासस्व) सुविधाहरू

सेवा स्तर	खानेपानी	सरसफाइ	स्वच्छता
उन्नत	चाहेको अवस्थामा उपलब्ध, सबैको पहुँचमा रहेको, खानेपानी गुणस्तर परीक्षणको आधारमा दिसाजन्य जीवाणु रहित र रासायनिक प्रदूषण रहित खानेपानीको उपलब्धतालाई समावेश गर्न सकिने (राष्ट्रिय स्तरमा परिभाषित गरिने)	सबैको लागि पर्याप्त सरसफाइका सुविधाहरूको उपलब्धता, सफाइको निरीक्षण भएको, महिनावारी स्वच्छता व्यवस्थापन उपयुक्त सुविधाहरूको उपलब्धता समावेश गर्न सकिने (राष्ट्रिय स्तरमा परिभाषित गरिने)	सबैका लागि अत्यावश्यक अवस्थामा हात धुने सुविधाहरूको उपलब्धता, महिनावारी स्वच्छताको शिक्षा र साधनहरू वितरण भएको (राष्ट्रिय स्तरमा परिभाषित गरिने)
आधारभूत	विद्यालयमा सुधारिएको स्रोतबाट खानेपानीको उपलब्ध भएको	विद्यालयमा लैङ्गिक-मैत्री र प्रयोग गर्न सकिने अवस्थाको सुधारिएको सुविधाहरू भएको	साबुन पानी सहितको हात धुने सुविधाहरू भएको
सीमित	सुधारिएको स्रोत (पाइपबाट खानेपानी,	सुधारिएको सुविधाहरू (फ्लस/पोअर, स्ल्याब	पानी भएको तर साबुन नभएको हात

गैडहवा गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना २०८२-२०८३

	संरक्षित कुवा/मूल/ स्प्रिङ, वर्षात् को पानी, बोतलको पानी); तर सर्वेक्षणको समयमा पानीको उपलब्धता नभएको	सहितको खाल्डे र कम्पोस्टिङ चर्पी); तर लैङ्गिक-मैत्री नभएको वा प्रयोग गर्ने अवस्थामा नरहेको	धुने सुविधाहरू भएको
सेवा नभएको	खानेपानी नभएको वा सुधार नभएको स्रोत (संरक्षण नगरिएको कुवा/मूल/ स्प्रिङ, सतहको पानी ट्याङ्करबाट ल्याएको)	शौचालय नभएको वा असुरक्षित सुविधाहरू (खाल्डे चर्पी, स्ल्याब वा प्लेटफर्म नभएको चर्पीहरू, तैरिएको चर्पी, बाल्टिन चर्पी)	हात धुने सुविधाहरू नभएको विद्यालय वा पानी सहितको हात धुने सुविधा नभएको

१.६.५. स्वास्थ्य संस्थामा खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) सुविधाहरू

सेवा स्तर	खानेपानी	सरसफाइ	स्वच्छता	स्वास्थ्य संस्थामा फोहोर व्यवस्थापन	वातावरणीय सफाइ
उन्नत	राष्ट्रिय स्तरमा परिभाषित गरिने	राष्ट्रिय स्तरमा परिभाषित गरिने	राष्ट्रिय स्तरमा परिभाषित गरिने	राष्ट्रिय स्तरमा परिभाषित गरिने	राष्ट्रिय स्तरमा परिभाषित गरिने

गैडहवा गाउँपालिकाको खानेपानी, सरसफाइ तथ... योजना २०७९/८०-२०८३/८४

आधारभूत	सुधारिएको स्रोतबाट घर आँगनमा खानेपानीको उपलब्धता	प्रयोग गर्न योग्य सुधारिएको सरसफाइ सुविधाहरू र कम्तीमा एउटा चर्पी कर्मचारीलाई छुट्टाइएको; कम्तीमा एउटा लैङ्गिक-मैत्री महिनावारी स्वच्छता व्यवस्थापनको लागि छुट्टाइएको र कम्तीमा एउटा चर्पी अपाङ्ग-मैत्री भएको	प्रयोग गर्न योग्य हात धुने (पानी र साबुन/वा र अल्कोहलमा आधारित हात सफा गर्ने वस्तु) सुविधा संस्थामा भएको र ५ मिटरको दूरीभित्र चर्पीको सुविधा भएको	कम्तीमा तीन गोटा फोहोर फाल्ने भाँडोमा फोहोर छुट्टाइएको र धारिलो र सङ्क्रामक फोहोर प्रशोधित वा सुरक्षित व्यवस्थापन गरिएको	सरसफाइको आधारभूत प्रोटोकल भएको र सरसफाइ गर्ने जिम्मेवारी पाएका कर्मचारीले तालिम प्राप्त गरेको
सीमित	सुधारिएको स्रोतबाट घर आँगनदेखि ५०० मिटरको दूरीमा खानेपानीको उपलब्धता तर आधारभूत स्तरको आवश्यकताहरू पुरा नभएको	कम्तीमा एउटा सुधारिएको सरसफाइ सुविधा भएको, तर अधारभूत सेवाको सबै मापदण्ड पुरा नभएको	उपचार स्थानमा वा चर्पीमा प्रयोग गर्न सकिने अवस्थाको हात धुने सुविधाहरूको उपलब्ध भएको वा दुबै मध्ये एक भएको	सीमित छुट्टाउने र वा धारिलो र सङ्क्रामक फोहोरको विसर्जन वा प्रशोधन गर्ने, तर आधारभूत स्तरको सेवाको मापदण्ड पुरा नभएको	सफाइ प्रोटोकल भएको र वा कम्तीमा केही कर्मचारीले सरसफाइ सम्बन्धी तालिम प्राप्त गरेको
सेवा नभएको	खानेपानीको असुरक्षित स्रोत जस्तै इनार, कुवा वा खोला वा सतहको पानी; वा	चर्पीका सुविधाहरू असुरक्षित (स्ल्याब र प्लेटफर्म बिनाको खाल्डे	उपचार स्थानमा वा चर्पीमा प्रयोग गर्न हुने अवस्थामा हात धुने सुविधाहरू नभएको	छुट्टै फोहोर फाल्ने भाँडो र वा धारिलो र सङ्क्रामक फोहोरको सुरक्षित	सफाइ प्रोटोकल नभएको र कर्मचारीहरूले सफाइ तालिम प्राप्त नगरेको

गैडहवा गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना २०८३

	सुधारिएको स्रोत घर आँगनबाट ५०० मिटरको दूरीको धारा वा त्यो धारामा पानीको सुविधा नभएको	चर्पी, तैरिएको चर्पी, बाल्टिन चर्पीहरू) वा चर्पीको सुविधा नै नभएको		विसर्जन/ प्रशोधन गर्ने सुविधा नभएको	

१.७. खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) योजना तर्जुमा औजार को रुपमा एनवास (N-WASH Mobile Apps)

गैडहवा गाउँपालिकाले खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना तर्जुमा औजार को रुपमा प्रयोग गरेको एनवास (N-WASH Mobile Apps) वेबमा आधारित योजना तर्जुमा औजार हो। यसले गाउँपालिका स्तरमा पूर्ण रूपमा खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) कभरेज प्राप्त गर्न आवश्यक योजना र लागत तयार गर्दछ। यो औजार प्रयोगको लागि (http://nwash.gov.np/dashboard) मा उपलब्ध छ। यसले सन् 2026-2036 सम्मको निम्ति प्रस्ताबित आयोजना र कार्यक्रमहरुको विस्तृत लागत र मात्राको स्पस्ट प्रस्तुति समेत प्रदान गर्दछ। यो औजार प्रयोग गर्न तलका शर्तहरू पुरा गर्नु पर्नेछ।

१. खानेपानी मन्त्रालयको अधिकार प्राप्त (UserName र Password) व्यक्तिले यो औजारको प्रयोग गर्न सक्नेछन्।
२. मौजुदा खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) सेवा तथा संरचनाहरुको तथ्यांक संकलन, लेखाजोखा र मस्यौदा १.५.२अनुसार गर्नुपर्दछ।
३. भिजनिङ कार्यशाला (Visioning Workshop) तथा रणनीतिक योजना तर्जुमा कार्यशाला सञ्चालन गर्न यो औजारलाई राम्रोसँग बुझेको, सहजीकरण सीप भएको सहजकर्ताको आवश्यक पर्दछ।

गैडहवा गाउँपालिकाले माथिका सबै शर्तहरु पुरा गरि यो खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना तयार गरेको हो।

गैडहवा गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना २०८२-२०८

२. गैडहवा गाउँपालिका

२.१. भौगोलिक अवस्थीति र बनौट

गैंडहवा गाउँपालिका, रुपन्देही जिल्लाको पश्चिम भागमा अवस्थित एक महत्वपूर्ण गाउँपालिका हो । वातावरणीय, प्राकृतिक, ऐतिहासिक, धार्मिक, पुरातात्विक तथा आर्थिक दृष्टिकोणले विशिष्ट पहिचान बोकेको यस गाउँपालिकाको नाम वडा नं. ४ विष्णुपुरामा अवस्थित रमणीय "गैंडहवा ताल" को नामबाट राखिएको हो । प्राकृतिक सुन्दरताले भरिपूर्ण गैंडहवा ताल यस क्षेत्रको प्रमुख पर्यटकीय तथा जैविक विविधताको केन्द्रका रूपमा परिचित रहेको छ । नेपालको संघीय संरचना कार्यान्वयन गर्ने क्रममा स्थानीय तह पुनर्संरचना हुँदा साविकका साडी, जोगडा, विष्णुपुरा र सूर्यपुरा गाउँ विकास समितिहरूलाई समेटेर गैंडहवा गाउँपालिकाको स्थापना गरिएको हो ।

यस गाउँपालिकाको कुल क्षेत्रफल ९६.६९ वर्ग किलोमिटर रहेको छ भने राष्ट्रिय जनगणना अनुसार यहाँको कुल जनसंख्या ५६,१४९ रहेको छ । जसमध्ये पुरुष जनसंख्या २७,८४७ तथा महिला जनसंख्या २८,३०२ रहेको छ । गाउँपालिकामा कुल ९ वटा वडाहरू रहेका छन् । भौगोलिक दृष्टिले यस गाउँपालिकाको पूर्वमा शुद्धोधन गाउँपालिका तथा मायादेवी गाउँपालिका, पश्चिममा कपिलवस्तु जिल्ला, उत्तरमा कञ्चन गाउँपालिका र सैनामैना गाउँपालिका तथा दक्षिणमा लुम्बिनी सांस्कृतिक गाउँपालिका र मायादेवी गाउँपालिका पर्दछन् ।

तराईको समथर भू-भागमा अवस्थित यस गाउँपालिकाको हावापानी सामान्यतया उष्ण तथा सुख्खा प्रकृतिको रहेको छ । कृषि उत्पादनका लागि उपयुक्त भूमि, सिँचाइको सम्भावना, वन तथा जलस्रोतको उपलब्धता, प्राकृतिक तालतलैया तथा ग्रामीण जीवनशैली यहाँका प्रमुख विशेषताहरू हुन् । यहाँको अधिकांश जनसंख्या कृषि पेशामा आबद्ध रहेको पाइन्छ । धान, गहुँ, मकै, दलहन, तेलहन तथा तरकारी खेती यहाँका प्रमुख कृषि उत्पादनहरू हुन् । पशुपालन, कुखुरापालन, डेरी व्यवसाय तथा साना घरेलु उद्योगहरूले स्थानीय अर्थतन्त्रलाई टेवा पुऱ्याइरहेका छन् ।

गैंडहवा गाउँपालिका धार्मिक तथा सांस्कृतिक विविधताले सम्पन्न क्षेत्रका रूपमा पनि परिचित रहेको छ । यहाँ विभिन्न जातजाति, भाषा, धर्म तथा संस्कृतिको सहअस्तित्व रहेको पाइन्छ । हिन्दु, मुस्लिम, बौद्ध लगायत विभिन्न समुदायबीच सामाजिक सद्भाव, सहिष्णुता र एकताको भावना कायम रहेको छ । विभिन्न मठमन्दिर, धार्मिक स्थल, सांस्कृतिक परम्परा, चाडपर्व तथा मेलामहोत्सवहरूले गाउँपालिकाको सामाजिक तथा सांस्कृतिक पहिचानलाई समृद्ध बनाएका छन् ।

शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ, सडक, विद्युत, सञ्चार लगायतका आधारभूत पूर्वाधार विकासलाई गाउँपालिकाले प्राथमिकताका साथ अघि बढाइरहेको छ । सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धि, स्वास्थ्य संस्थाहरूको सेवा विस्तार, ग्रामीण सडक सञ्जालको स्तरोन्नति, सुरक्षित खानेपानी तथा सरसफाइ व्यवस्थापन, महिला तथा बालबालिकाको सशक्तीकरण, युवा स्वरोजगार प्रवर्द्धन र कृषि आधुनिकीकरणका क्षेत्रमा विभिन्न कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् ।

स्थानीय सरकारको रूपमा गैंडहवा गाउँपालिकाले सुशासन, पारदर्शिता, उत्तरदायित्व तथा जनसहभागितामा आधारित विकासलाई प्राथमिकता दिएको छ । दिगो विकासका लक्ष्यहरू हासिल गर्ने उद्देश्यसहित सामाजिक न्याय, आर्थिक समृद्धि, वातावरण संरक्षण तथा समावेशी विकासमार्फत गाउँपालिकालाई समुन्नत, आत्मनिर्भर र व्यवस्थित स्थानीय तहका रूपमा विकास गर्ने लक्ष्य लिइएको छ ।

गैंडहवा गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना २०७२-२०७३

भौगोलिक स्वरूप तथा हावापानी

यस गाउँपालिकाको भौगोलिक बनावट समथर मैदानदेखि केही उच्च भू–भागसम्म फैलिएको छ । यहाँको माटो उर्वर भएकाले कृषि उत्पादनका लागि उपयुक्त वातावरण रहेको पाइन्छ । जिल्लाका अन्य भागको तुलनामा यस गाउँपालिकाको हावापानी सामान्यतया उष्ण तथा समशीतोष्ण प्रकृतिको रहेको छ ।

वैशाखदेखि भदौ महिनासम्म अत्यधिक गर्मी महसुस हुने गर्दछ भने असोजदेखि फागुनसम्म मौसम क्रमशः चिसिँदै जाने गर्दछ । विशेषगरी मंसिर, पुष र माघ महिनामा जाडो बढी हुने गर्दछ । यहाँको हावापानी मौसमअनुसार विविध तथा केही विषम प्रकृतिको पनि पाइन्छ ।

गर्मी याममा तापक्रम अधिकतम ४३ डिग्री सेल्सियससम्म पुग्ने गर्दछ भने जाडो याममा न्यूनतम तापक्रम उल्लेखनीय रूपमा घट्ने गर्दछ । यस क्षेत्रको औसत वार्षिक वर्षा करिब १३९१ मिलिलिटर रहेको पाइन्छ ।

प्राकृतिक सम्पदा, सांस्कृतिक विविधता, कृषि सम्भावना तथा सामाजिक एकताको अनुपम संयोजन बोकेको गैंडहवा गाउँपालिका रुपन्देही जिल्लाको एक महत्वपूर्ण तथा सम्भावनायुक्त स्थानीय तहका रूपमा स्थापित हुँदै गएको छ ।

तालिका 2-1: वडागत रूपमा घरधुरी र जनसङ्ख्या

क्र. सं.	परामिति	विवरण
१	गाउँपालिकाको नाम	गैडहवा गाउँपालिका
२	कोड सङ्ख्या	रुपन्देही
३	स्थान/ठेगाना	रुपन्देही, लुम्बिनी प्रदेश
४	गाउँपालिकाको जम्मा जनसङ्ख्या	५६१४९
५	गाउँपालिकामा जम्मा घरधुरी	९९४७
६	गाउँपालिकामा पाइप सञ्जालको खानेपानी सुविधाबाट लाभान्वित जनसङ्ख्या	६५६१
७	गाउँपालिकामा पाइप सञ्जालको खानेपानी सुविधाबाट लाभान्वित घरधुरी	१२४८
८	खानेपानी सुविधाको पहुँच(जनसङ्ख्या %)	११.६१
९	खानेपानी सुविधा पहुँचको घरधुरी (घरधुरी %)	१४.४९
१०	सरसफाइ सुविधाको पहुँच (घरधुरी %)	७२.७५
११	२०२६- २०३६ को लागि जम्मा वास लागत	३२३८७५०५७५

गैडहवा गाउँपालिका खानेपानी, सरसफाइ तथा स्वच्छता वास योजना २०८२-२०९३



चित्र 2-1: गाउँपालिकाको स्थान मानचित्र

२.२. भू-उपयोग तथा वातावरण

गैडहवा गाउँपालिकाको कूल ९,६७९ हेक्टर क्षेत्रफलमध्ये करिब ८१.६१ प्रतिशत भू–भाग कृषि प्रयोजनमा उपयोग भएको देखिन्छ, जसले गाउँपालिकाको मुख्य आर्थिक आधार कृषि पेशा रहेको स्पष्ट पार्दछ । त्यसैगरी वन तथा जंगल क्षेत्रले ९.५५ प्रतिशत भू–भाग ओगटेको छ, जुन करिब ९.२४ वर्ग किलोमिटर हुन आउँछ । आवासीय क्षेत्रमा ३.८२ प्रतिशत, जलीय क्षेत्रमा २.६८ प्रतिशत, व्यापारिक क्षेत्रमा ०.६१ प्रतिशत, साँस्कृतिक तथा पुरातात्विक क्षेत्रमा ०.०१ प्रतिशत, औद्योगिक क्षेत्रमा ०.०३ प्रतिशत तथा सार्वजनिक प्रयोजनमा निश्चित भू–भाग उपयोग भएको देखिन्छ । यस प्रकारको भू–उपयोग संरचनाले गाउँपालिकाको आर्थिक, सामाजिक तथा वातावरणीय अवस्थाको समग्र चित्र प्रस्तुत गर्दछ ।

गाउँपालिकाको भौगोलिक बनावट मुख्यतः समथर तराई भू–भागमा फैलिएको छ । यहाँको अधिकांश भूमि उर्बर तथा कृषियोग्य रहेको पाइन्छ । माटोको बनावट दोमट, बलौटे दोमट तथा केही क्षेत्रमा चिकनी माटोको मिश्रण रहेको हुँदा विभिन्न प्रकारका अन्नबाली, तरकारी तथा नगदेबाली उत्पादनका लागि उपयुक्त वातावरण रहेको छ । गाउँपालिकामा धान, गहुँ, मकै, मुसुरो, चना, तोरी, उखु, आलु तथा विभिन्न मौसमी तथा बेमौसमी तरकारी खेती गरिन्छ । पछिल्लो समय व्यावसायिक तरकारी खेती, फलफूल खेती, कुखुरापालन, बाख्रापालन तथा दुग्ध उत्पादनतर्फ किसानहरूको आकर्षण बढ्दै गएको देखिन्छ ।

यहाँको कृषि प्रणाली परम्परागत र आधुनिक प्रविधिको मिश्रित स्वरूपमा आधारित रहेको छ । सिंचाइ सुविधा पुगेका क्षेत्रमा वर्षमा दुईदेखि तीन बालीसम्म उत्पादन हुने गरेको छ भने वर्षामा आधारित खेती प्रणाली अझै पनि धेरै क्षेत्रमा प्रचलित रहेको पाइन्छ । भूमिगत पानी, नहर प्रणाली, ट्युबवेल तथा साना सिंचाइ योजनाहरू कृषि उत्पादनका मुख्य आधारका रूपमा रहेका छन् । तथापि जलवायु परिवर्तन, अनियमित वर्षा, मल तथा विषादीको अत्यधिक प्रयोग, कृषि मजदुरको अभाव तथा उत्पादन लागत वृद्धि जस्ता चुनौतीले कृषि क्षेत्र प्रभावित हुँदै गएको अवस्था छ ।

गाउँपालिकाको औसत तापक्रम ४३ डिग्री सेल्सियस रहने गरेको छ भने वार्षिक वर्षा १३९१ मिलिमिटरसम्म हुने गरेको अनुमान गरिएको छ । यहाँको हावापानी उष्ण तथा उप–उष्ण प्रकारको रहेकोले कृषि उत्पादनका लागि अनुकूल मानिन्छ । गर्मीयाममा अत्यधिक तापक्रम तथा हिउँदयाममा मध्यम चिसोपन रहने भएकाले विभिन्न प्रकारका खाद्यान्न तथा तरकारी उत्पादन गर्न सकिने अवस्था रहेको छ । तर, पछिल्ला वर्षहरूमा अत्यधिक गर्मी, सुख्खा अवस्था, असिना पानी तथा बाढीजन्य समस्याले कृषि उत्पादनमा नकारात्मक असर पुऱ्याउँदै आएको छ ।

वन तथा वातावरणीय क्षेत्रमा हेर्दा गाउँपालिकामा रहेको वन क्षेत्रले जैविक विविधता संरक्षण, वातावरणीय सन्तुलन कायम गर्न, भू–क्षय नियन्त्रण तथा जलस्रोत संरक्षणमा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । सामुदायिक वनमार्फत वन संरक्षण तथा हरियाली प्रवर्द्धनका कार्यहरू सञ्चालन भइरहेका छन् । तथापि वन अतिक्रमण, अव्यवस्थित फोहोर व्यवस्थापन, नदी तथा खोलाको कटान, प्लास्टिकजन्य प्रदूषण तथा प्राकृतिक स्रोतको अनियन्त्रित दोहन जस्ता कारणले वातावरणीय चुनौती बढ्दै गएको अवस्था देखिन्छ ।

गाउँपालिकाको भू–उपयोग अवस्थालाई हेर्दा कृषि क्षेत्रको हिस्सा अत्यधिक रहेकोले कृषिमा आधारित उद्योग स्थापना, कृषि उपज प्रशोधन, चिस्यान केन्द्र निर्माण, कृषि बजारीकरण तथा मूल्य श्रृंखला विकासका कार्यक्रम सञ्चालन गर्न सकिने सम्भावना देखिन्छ । व्यापारिक तथा औद्योगिक क्षेत्रको न्यून हिस्सा रहेकोले भविष्यमा योजनाबद्ध शहरीकरण तथा आर्थिक गतिविधि विस्तार गर्न आवश्यक देखिन्छ । त्यसैगरी जलीय क्षेत्रको उपयोग गरी मत्स्यपालन, सिँचाइ तथा जल संरक्षणका कार्यक्रम सञ्चालन गर्न सकिने पर्याप्त सम्भावना रहेको छ ।

माटोको बनावट, खेतियोग्य जमीन, बस्तीयोग्य क्षेत्र, जलस्रोत तथा प्राकृतिक अवस्थाको वैज्ञानिक अध्ययन गरी दीर्घकालीन भू–उपयोग योजना निर्माण गर्न आवश्यक देखिन्छ । कृषि उत्पादन वृद्धि गर्न आधुनिक कृषि प्रविधिको प्रयोग, जैविक मलको उपयोग, कृषि यान्त्रीकरण, उन्नत बीउबिजन वितरण, सिंचाइ विस्तार तथा कृषि बीमा कार्यक्रमलाई प्राथमिकता दिनुपर्दछ । साथै वातावरण संरक्षणका लागि वृक्षारोपण, जलाधार संरक्षण, हरित क्षेत्र विस्तार, फोहोर व्यवस्थापन तथा जलवायु अनुकूलनसम्बन्धी कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता देखिन्छ ।

समग्रमा, गैडहवा गाउँपालिकामा उपलब्ध उर्वर भूमि, अनुकूल हावापानी, जलस्रोत तथा कृषि सम्भावनालाई वैज्ञानिक र दिगो ढंगले उपयोग गर्न सके आर्थिक विकास, रोजगारी सिर्जना तथा वातावरणीय सन्तुलन कायम गर्न महत्वपूर्ण योगदान पुग्ने देखिन्छ ।

२.३. प्रशासनिक एकाइ

गैंडहवा गाउँपालिका नेपालको संविधान, २०७२ बमोजिम गरिएको राज्य पुनर्संरचना तथा स्थानीय तह गठन प्रक्रियाअनुसार स्थापना भएको स्थानीय तह हो । साविकका साडी, जोगडा, विष्णुपुरा तथा सूर्यपुरा गाउँ विकास समितिहरूलाई समायोजन गरी गठन गरिएको यस गाउँपालिकामा हाल प्रशासनिक संरचनाअनुसार ९ वटा वडा कायम रहेका छन् । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को मर्म तथा स्थानीय शासन व्यवस्थाको अवधारणाअनुसार गाउँपालिकाभित्र रहेका प्रत्येक वडालाई स्थानीय प्रशासन, सेवा प्रवाह तथा विकास व्यवस्थापनको आधारभूत एकाइका रूपमा व्यवस्थित गरिएको छ ।

गाउँपालिकाका वडा कार्यालयहरूले स्थानीय नागरिकलाई आधारभूत प्रशासनिक सेवा, व्यक्तिगत घटना दर्ता, योजना तर्जुमा तथा कार्यान्वयन, सामाजिक सुरक्षा वितरण, पूर्वाधार विकास, कृषि तथा पशु सेवा, स्वास्थ्य तथा सरसफाइ प्रवर्द्धन लगायतका सेवाहरू प्रवाह गर्दै आएका छन् । स्थानीय तह र नागरिकबीच प्रत्यक्ष समन्वय कायम गर्ने महत्वपूर्ण माध्यमका रूपमा वडा कार्यालयहरूले स्थानीय शासन प्रणालीलाई थप प्रभावकारी, जवाफदेही तथा जनमुखी बनाउन महत्वपूर्ण भूमिका निर्वाह गरिरहेका छन् ।

भौगोलिक बनावट, जनसंख्या वितरण, सामाजिक तथा आर्थिक अवस्थाअनुसार गाउँपालिकाका वडाहरूमा विकासका आवश्यकता तथा प्राथमिकताहरू फरक–फरक रहेको पाइन्छ । केही वडाहरू कृषि उत्पादन तथा व्यापारिक गतिविधिका दृष्टिले महत्वपूर्ण रहेका छन् भने केही क्षेत्र प्राकृतिक स्रोतसाधन, वातावरणीय संरक्षण तथा पर्यटकीय सम्भावनाले समृद्ध रहेका छन् । गाउँपालिकाभित्र रहेका वडा कार्यालयहरूले स्थानीय विकास योजना तर्जुमा, समुदाय परिचालन, विपद् व्यवस्थापन, खानेपानी तथा सरसफाइ कार्यक्रम सञ्चालन, सामाजिक सचेतना अभिवृद्धि तथा वातावरण संरक्षणजस्ता क्षेत्रमा समेत सक्रिय

भूमिका निर्वाह गर्दै आएका छन् । विशेष गरी स्थानीय स्तरमा खानेपानी, सरसफाइ तथा स्वच्छता (WASH) कार्यक्रम कार्यान्वयन, समुदायमा स्वच्छता व्यवहार प्रवर्द्धन तथा जनस्वास्थ्य सुधारका गतिविधिहरू वडा कार्यालयमार्फत प्रभावकारी रूपमा सञ्चालन हुँदै आएका छन् ।

स्थानीय प्रशासनिक संरचनालाई प्रविधिमैत्री तथा सेवा प्रभावकारी बनाउने उद्देश्यले गाउँपालिकाले विभिन्न वडा कार्यालयहरूमा सूचना प्रविधिको प्रयोग, अभिलेख व्यवस्थापन प्रणाली तथा डिजिटल सेवा प्रवाहलाई क्रमशः विस्तार गर्दै आएको छ । यसले नागरिकलाई छिटो, सहज तथा पारदर्शी सेवा उपलब्ध गराउन महत्वपूर्ण सहयोग पुऱ्याएको छ ।

हाल कायम रहेका वडाहरूमा समावेश साविकका गाविस तथा वडाहरूको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका 2-2: गाउँपालिकाको वडा विभाजन

वडा नं.	गाउँपालिकामा समावेश गरिएका वडाहरु	वडा नं.	समुन्द्र सतह देखिको उचाई मि
१	साडी	१	८९.०
२	जोगडा	२	८८.०
३	विष्णुपुरा	३	८८.२
४	पोहवा	४	९१.४
५	गिदहिया	५	८९.९
६	सुर्यपुरा	६	९२.२
७	विसोरिया	७	९६.९
८	देविगाउँ	८	९६.०
९	धुसुवा	९	१०१.०

२.४. जनसंख्या र जनसाङ्ख्यिक विशेषताहरू

२.४.१. जातजाति र अन्य जनसाङ्ख्यिक विवरण

गैडहवा गाउँपालिका बहुजातीय, बहुभाषिक, बहुधार्मिक तथा बहु सांस्कृतिक विशेषता बोकेको स्थानीय तहका रूपमा परिचित रहेको छ । गाउँपालिकाभित्र विभिन्न जातजाति, भाषा, धर्म, संस्कार तथा सांस्कृतिक परम्परा बोकेका समुदायहरूको मिश्रित तथा सह अस्तित्वपूर्ण बसोबास रहेको पाइन्छ । यहाँ मुख्य रूपमा क्षेत्री, ब्राह्मण पहाड, मगर, थारु, नेवार, कुमाल, मुसलमान, यादव, दमाई/ढोली, तेली, चमार/हरिजन, कुर्मी, सन्यासी/दशनामी, दुसाद/पासवान/पासी, केवट, कठबनिया, मल्लाह, कलवार, हजाम/ठाकुर, लोहार, धोबी, हलुवाई, मारवाडी, बरई, कहार, लोध, गडेरी/भेडहार लगायत अन्य विभिन्न जातजातिको बसोबास रहेको छ । यस प्रकारको सामाजिक तथा सांस्कृतिक विविधताले गाउँपालिकाको मौलिक पहिचानलाई समृद्ध बनाउनुका साथै सामाजिक समावेशिता र सहिष्णुताको अभ्यासलाई समेत मजबुत बनाएको छ ।

गाउँपालिकाभित्र रहेका विभिन्न समुदायहरूले आ–आफ्ना परम्परागत संस्कार, भाषा, भेषभूषा, रीतिरिवाज, चाडपर्व तथा सांस्कृतिक अभ्यासलाई संरक्षण गर्दै आएका छन् । यद्यपि सांस्कृतिक विविधता विद्यमान रहे तापनि समुदायबीच आपसी सहकार्य, सामाजिक सद्भाव, सहअस्तित्व तथा सामूहिक सहभागिताको भावना बलियो रहेको पाइन्छ । विभिन्न धार्मिक तथा सांस्कृतिक पर्वहरू सामूहिक रूपमा मनाउने परम्पराले सामाजिक एकता, भाइचारा तथा सामुदायिक सम्बन्धलाई थप सुदृढ बनाएको देखिन्छ । यस बहुसांस्कृतिक संरचनाले गाउँपालिकामा सामाजिक समरसता कायम गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

गाउँपालिकाका अधिकांश बस्तीहरू ग्रामीण स्वरूपका तथा छरिएर रहेका छन् भने केही वडाहरूमा बजार तथा सेवा केन्द्रको विकाससँगै बाक्लो बस्ती विस्तार भएको पाइन्छ । विशेषगरी साडी, जोगडा, सडहवा, नोनौली, सीतापुर, विष्णुपुरा, बर्गदवा, सगरहवा, पोहवा, गिदहिया, तुकौलिया, खुशीयालपुर, ठाकुरपुर, गुलरिया विसौरिया, हसनापुर तथा धुसुवा लगायतका क्षेत्रमा बजार केन्द्र, व्यापारिक गतिविधि तथा सेवा प्रवाह विस्तार भएसँगै जनघनत्व तुलनात्मक रूपमा बढी रहेको देखिन्छ । ग्रामीण क्षेत्रमा परम्परागत बस्ती संरचना विद्यमान रहेकाले कृषि तथा पशुपालनमा आधारित जीवनशैली अझै पनि प्रमुख आर्थिक आधारका रूपमा रहेको पाइन्छ ।

गाउँपालिकाको जनसाङ्ख्यिक संरचनाले शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, सडक पूर्वाधार, सामाजिक सुरक्षा, रोजगारी, कृषि विकास, महिला तथा बालबालिका सशक्तीकरण, दलित तथा विपन्न समुदाय उत्थान लगायतका विकास कार्यक्रमहरू योजनाबद्ध रूपमा सञ्चालन गर्न महत्वपूर्ण आधार प्रदान गरेको छ । विशेषगरी सामाजिक तथा आर्थिक रूपमा पछाडि परेका समुदायहरूको सशक्तीकरण, सीप विकास, आयआर्जन अभिवृद्धि तथा सामाजिक सुरक्षाको पहुँच विस्तार गर्न लक्षित कार्यक्रम सञ्चालन गर्नु आवश्यक देखिन्छ ।

साथै, गाउँपालिकाभित्र विद्यमान बहुजातीय तथा बहुसांस्कृतिक सामाजिक संरचनाको संरक्षण गर्दै समावेशी विकास, समान अवसर, सामाजिक न्याय तथा सहभागितामूलक शासन प्रणालीलाई संस्थागत गर्न स्थानीय तहले विशेष प्राथमिकता दिनुपर्ने आवश्यकता रहेको देखिन्छ । विभिन्न समुदायको पहिचान, संस्कृति तथा परम्पराको संरक्षण गर्दै सामाजिक सद्भाव कायम राख्नु गाउँपालिकाको दिगो सामाजिक विकासका लागि महत्वपूर्ण पक्षका रूपमा रहेको छ ।

तालिका 2-3: वडागत रूपमा घरधुरी र जनसङ्ख्या

वडा नं	२०६८ सर्वेक्षण अनुसार					२०७८ सर्वेक्षण अनुसार				
	घरधुरी	जनसङ्ख्या			औसत घरधुरी	घरधुरी	जनसङ्ख्या			औसत घरधुरी
		पुरुष	महिला	जम्मा			पुरुष	महिला	जम्मा	
१	९५०	३१२५	३१७५	६३००	६.६३	१२३०	३५३८	३६७७	७२१५	५.८७
२	८९२	३०२०	३०८२	६१०२	६.८४	११४४	३२६२	३४०२	६६६४	५.८३
३	९२८	३०७१	३०२९	६१००	६.५७	१३४०	३९२९	३८६०	७७८९	५.८१
४	६९०	२१२९	२१३२	४२६१	६.१८	९११	२४६३	२४७६	४९३९	५.४२
५	६१३	१९८९	२०४०	४०२९	६.५७	७१५	२३२१	२३०४	४६२५	६.४७
६	८९३	३३४०	३१३३	६४७३	७.२५	१२६२	३९४०	३७८४	७७२४	६.१२
७	८५८	२९७९	२९८४	५९६३	६.९५	१२१३	३४४८	३५९७	७०४५	५.८१
८	८४१	२३६४	२४६६	४८३०	५.७४	११८२	२८७७	२९६२	५८३९	४.९४
९	६२०	१७१३	१७९४	३५०७	५.६५	९५०	२०७९	२२४४	४३०९	४.५४
जम्मा	७२८५	२३७३०	२३८३५	४७५६५	६.५३	९९४७	२७८४७	२८३०२	५६१४९	५.६४

माथि तालिकामा प्रस्तुत भएअनुसारको वडागत जनसङ्ख्या वितरणलाई आधार मान्दा हाल गाउँपालिकाको कुल जनसंख्या ५६१४९ पुगेको देखिन्छ।

२.५. जनसङ्ख्याको गतिशिलता र बसाइ सराइको स्थिति

गैडहवा गाउँपालिकामा जनसङ्ख्याको गतिशीलता तथा बसाइँसराइको अवस्था सामाजिक, आर्थिक, शैक्षिक तथा भौगोलिक कारणहरूसँग प्रत्यक्ष रूपमा सम्बन्धित रहेको पाइन्छ। गाउँपालिकाभित्र आन्तरिक तथा बाह्य बसाइँसराइका गतिविधिहरू निरन्तर रूपमा भइरहेका छन् । शिक्षा, स्वास्थ्य, रोजगारी, व्यापार व्यवसाय, कृषि अवसर, यातायात पहुँच तथा अन्य आधारभूत सेवा–सुविधाको उपलब्धताले जनसङ्ख्याको आवागमनमा महत्वपूर्ण प्रभाव पारेको देखिन्छ। गाउँपालिकाभित्र रहेका केही बजार केन्द्र तथा सेवा केन्द्रहरूको विस्तारसँगै जनघनत्वमा वृद्धि हुँदै गएको छ भने केही ग्रामीण तथा कृषि क्षेत्रमा जनसङ्ख्याको चाप क्रमशः घट्दै गएको अवस्था देखिन्छ।

गाउँपालिकामा व्यक्तिगत घटना दर्ता प्रणालीमार्फत जन्म, मृत्यु, विवाह तथा बसाइँसराइ सम्बन्धी विवरण नियमित रूपमा अभिलेखीकरण हुँदै आएको छ। यसले गाउँपालिकाको जनसाङ्ख्यिक अवस्था, सामाजिक संरचना तथा सेवा आवश्यकताको पहिचान गर्न महत्वपूर्ण आधार प्रदान गरेको छ । गाउँपालिकाभित्र जन्मदर, मृत्यु दर तथा विवाह सम्बन्धी गतिविधिसँगै बसाइँसराइका घटनाहरू पनि उल्लेख्य रूपमा हुने गरेको पाइन्छ । विशेषगरी युवा जनशक्ति रोजगारी, उच्च शिक्षा तथा आर्थिक अवसरको खोजीमा गाउँपालिका बाहिर जाने प्रवृत्ति बढ्दो अवस्थामा रहेको छ।

बसाइँसराइको अवस्थालाई हेर्दा गाउँपालिकाबाट विभिन्न कारणले अन्य स्थानतर्फ जाने तथा अन्य क्षेत्रबाट गाउँपालिकाभित्र आउने दुवै प्रकारका प्रवृत्तिहरू देखिन्छन् । गाउँपालिकाबाट विशेषगरी शहरी क्षेत्र तथा वैदेशिक रोजगारीका गन्तव्यतर्फ बसाइँसराइ हुने गरेको पाइन्छ । रोजगारी, व्यवसाय, गुणस्तरीय शिक्षा, स्वास्थ्य सेवा तथा आधुनिक जीवनशैलीप्रतिको आकर्षणका कारण युवावर्ग र आर्थिक रूपमा सक्रिय

जनशक्ति बाहिरिने क्रम बढ्दो रहेको देखिन्छ । अर्कोतर्फ, कृषि व्यवसाय, व्यापारिक सम्भावना, पारिवारिक सम्बन्ध तथा भौगोलिक अनुकूलताका कारण अन्य क्षेत्रबाट केही परिवार गाउँपालिकाभित्र बसाइँसराइ गरी आउने अवस्था पनि रहेको छ ।

गाउँपालिकाका केही बजारमुखी क्षेत्रहरूमा व्यापारिक गतिविधि, सेवा प्रवाह तथा पूर्वाधार विकासको विस्तारसँगै जनघनत्व तुलनात्मक रूपमा बढी रहेको पाइन्छ । विशेषगरी बजार तथा सेवा केन्द्र आसपासका क्षेत्रमा आवासीय बस्ती विस्तार हुँदै गएको छ भने ग्रामीण तथा कृषि क्षेत्रमा परम्परागत बसोबास प्रणाली कायम रहेको अवस्था देखिन्छ । कृषि तथा पशुपालन अझै पनि अधिकांश जनसङ्ख्याको प्रमुख पेशा तथा आयआर्जनको आधारका रूपमा रहेको छ ।

बसाइँसराइको प्रभाव गाउँपालिकाको सामाजिक, आर्थिक तथा सांस्कृतिक संरचनामा प्रत्यक्ष रूपमा देखिएको छ । विशेषगरी युवा जनशक्ति बाहिरिने प्रवृत्तिका कारण कृषि क्षेत्रमा श्रमिक अभाव, उत्पादन प्रणालीमा परिवर्तन तथा परम्परागत सामाजिक संरचनामा प्रभाव परेको देखिन्छ । तथापि, वैदेशिक रोजगारी तथा बाह्य आयस्रोतबाट प्राप्त विप्रेषणले स्थानीय आर्थिक गतिविधि, घरायसी जीवनस्तर सुधार, शिक्षा तथा भौतिक पूर्वाधार विकासमा सकारात्मक योगदान पुऱ्याएको अवस्था पनि रहेको छ ।

गाउँपालिकामा जनसङ्ख्याको गतिशीलताले शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, सडक, आवास, सामाजिक सुरक्षा तथा रोजगारीसम्बन्धी सेवाको माग र आवश्यकता परिवर्तनशील बनाएको छ । यस सन्दर्भमा जनसङ्ख्याको संरचना तथा बसाइँसराइको प्रवृत्तिलाई मध्यनजर गर्दै स्थानीय सरकारले योजनाबद्ध विकास कार्यक्रम सञ्चालन गर्नु आवश्यक देखिन्छ । विशेषगरी स्थानीय स्तरमै रोजगारी सिर्जना, कृषि आधुनिकीकरण, उद्यमशीलता विकास, सीपमूलक तालिम, युवा स्वरोजगार तथा आधारभूत सेवा–सुविधाको विस्तारमार्फत अनियन्त्रित बसाइँसराइ न्यूनीकरण गर्न आवश्यक नीति तथा कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता रहेको छ ।

साथै, गाउँपालिकाभित्रको जनसङ्ख्यिक अवस्था, बसाइँसराइको प्रवृत्ति तथा जनसङ्ख्याको गतिशीलताको नियमित अभिलेखीकरण तथा विश्लेषण गरी विकास योजना, पूर्वाधार निर्माण, सामाजिक सुरक्षा तथा समावेशी विकास कार्यक्रमहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक देखिन्छ । दिगो विकास, सामाजिक समावेशिता तथा सन्तुलित जनसङ्ख्या व्यवस्थापनका लागि जनसङ्ख्याको गतिशीलता तथा बसाइँसराइ सम्बन्धी तथ्याङ्कलाई नीति निर्माणको महत्वपूर्ण आधारका रूपमा उपयोग गर्नुपर्ने आवश्यकता रहेको छ ।

२.६. भौतिक पूर्वाधारको अवस्था

यस गाउँपालिका क्षेत्र भौतिक पूर्वाधारको अवस्थाको आधारमा समृद्ध देखिन्छ । गैडहवा गाउँपालिका भौतिक पूर्वाधार तथा आधारभूत सेवाको दृष्टिकोणले क्रमशः विकासोन्मुख तथा सम्भावनायुक्त गाउँपालिकाका रूपमा परिचित रहेको छ । गाउँपालिकाभित्र सडक सञ्जालको विस्तार, विद्युत पहुँच, शैक्षिक संस्था, स्वास्थ्य सेवा तथा सञ्चार सुविधाको क्रमिक विकाससँगै स्थानीय नागरिकको जनजीवन सहज बन्दै गएको छ।

गाउँपालिका क्षेत्रभित्र विभिन्न वडा तथा बस्तीहरूलाई जोड्ने सडक सञ्जाल विस्तार हुँदै गएको पाइन्छ । मुख्य सडकहरू कालोपत्रे तथा ग्राभेल सडकका रूपमा विकसित भएका छन् भने ग्रामीण बस्तीहरूमा समेत सडक पहुँच विस्तार गरिएको छ । कृषि उत्पादनलाई बजारसम्म पुऱ्याउन, सेवा प्रवाहलाई सहज बनाउन तथा आवतजावतलाई प्रभावकारी बनाउन सडक पूर्वाधारले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । वर्षायाममा केही ग्रामीण सडकहरूमा आवागमनमा कठिनाइ हुने समस्या देखिए तापनि गाउँपालिकाले सडक स्तरोन्नतिलाई प्राथमिकताका साथ अघि बढाइरहेको अवस्था छ ।गाउँपालिकामा विद्युत सेवाको पहुँच पनि उल्लेखनीय रूपमा विस्तार भएको छ । अधिकांश घरपरिवारले जलविद्युतमार्फत विद्युत सेवा उपभोग गरिरहेका छन् । विद्युत पहुँच विस्तारसँगै घरेलु उपयोग, साना उद्योग व्यवसाय, शिक्षा तथा सूचना प्रविधिको प्रयोगमा समेत वृद्धि भएको देखिन्छ । पछिल्लो समय वैकल्पिक उर्जाको प्रयोगतर्फ समेत स्थानीयवासी आकर्षित हुँदै गएका छन् ।

शिक्षा क्षेत्रको विकासका दृष्टिले गाउँपालिकामा सरकारी तथा निजी दुवै प्रकारका शैक्षिक संस्थाहरू सञ्चालनमा रहेका छन् । गाउँपालिका क्षेत्रभित्र आधारभूत तहदेखि माध्यमिक तहसम्मका सरकारी विद्यालयहरू रहेका छन् भने निजी क्षेत्रबाट सञ्चालित विद्यालयहरूले समेत शैक्षिक सेवामा योगदान पुऱ्याइरहेका छन् । विद्यालयहरूमा भौतिक संरचना, खानेपानी, शौचालय तथा सूचना प्रविधिमैत्री शिक्षण प्रणाली विस्तार गर्ने प्रयास भइरहेको छ । शिक्षामा पहुँच विस्तार भएसँगै विद्यार्थी भर्नादर तथा साक्षरता दरमा समेत सकारात्मक सुधार देखिएको छ ।

स्वास्थ्य सेवाको हकमा गाउँपालिकाभित्र अस्पताल, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र तथा निजी नर्सिङ होममार्फत स्वास्थ्य सेवा प्रदान हुँदै आएको छ । गाउँपालिकाले मातृ तथा शिशु स्वास्थ्य, खोप कार्यक्रम, पोषण, सरसफाइ तथा जनस्वास्थ्य सम्बन्धी कार्यक्रम सञ्चालन गर्दै आएको छ । ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवाको पहुँच विस्तार गर्न स्वास्थ्य संस्थाहरूको स्तरोन्नति तथा जनशक्ति व्यवस्थापनमा विशेष ध्यान दिइँदै आएको छ ।

यसका अतिरिक्त गाउँपालिकामा खानेपानी, सञ्चार, सिंचाइ, कृषि सेवा तथा बजार व्यवस्थापनजस्ता पूर्वाधारहरूको क्रमिक विकास भइरहेको छ । समग्र रूपमा हेर्दा गैडहवा गाउँपालिका भौतिक पूर्वाधार, शिक्षा, स्वास्थ्य तथा आधारभूत सेवाको विस्तारसँगै समृद्ध र व्यवस्थित स्थानीय तहको रूपमा विकास हुँदै गएको देखिन्छ ।

यस गाउँपालिका क्षेत्रमा रहेका सरकारीतर्फका शैक्षिक संस्थाहरु ३५ वटा र १४ नीजि शैक्षिक संस्थाहरु रहेका छन् । स्वास्थ संस्थाहरुको हकमा गाउँपालिका क्षेत्र भित्र १० अस्पताल, स्वास्थ केन्द्र, निजि नर्सिङ होम रहेका छन् ।

२.७. आर्थिक अवस्था, गतिविधि र पेशा

गैडहवा गाउँपालिका भौगोलिक रूपमा समथर, उर्वर तथा कृषि उत्पादनका दृष्टिले अत्यन्त सम्भावनायुक्त क्षेत्रका रूपमा परिचित रहेको छ । गाउँपालिकाभित्र रहेका विभिन्न स्थानीय बजार क्षेत्रहरू रूपन्देही जिल्लाकै महत्वपूर्ण व्यापारिक तथा आर्थिक केन्द्रका रूपमा विकास हुँदै गएका छन् । स्थानीय उत्पादन, कृषि उपज, पशुजन्य वस्तु तथा दैनिक उपभोग्य सामग्रीको खरिद–बिक्रीका कारण यहाँका बजार क्षेत्रहरूमा आर्थिक गतिविधि निरन्तर वृद्धि भइरहेको अवस्था छ । गाउँपालिकाको अधिकांश जनसंख्या कृषि पेशामा आबद्ध रहेको पाइन्छ । यहाँ खाद्यान्न बालीअन्तर्गत धान, गहुँ, मकै, तोरी, दाल, मसला तथा विभिन्न प्रकारका तरकारी बालीको व्यावसायिक उत्पादन हुने गर्दछ । विशेषगरी मौसमी तथा बेमौसमी तरकारी खेती, फलफूल उत्पादन तथा नगदेबाली खेतीले स्थानीय कृषकको आयआर्जनमा महत्वपूर्ण योगदान पुऱ्याइरहेको छ । उर्वर माटो, सिंचाइ सुविधाको विस्तार तथा कृषि सडकको पहुँचका कारण कृषिजन्य उत्पादन वृद्धि हुँदै गएको देखिन्छ । यस गाउँपालिकामा पशुपालन व्यवसाय पनि ग्रामीण अर्थतन्त्रको महत्वपूर्ण आधारको रूपमा रहेको छ । गाई, भैँसी, बाख्रा, बंगुर, कुखुरा, हाँस लगायतका पशुपक्षी पालन व्यवसाय विस्तार हुँदै गएको छ । दुग्ध उत्पादन, मासु उत्पादन तथा अण्डा उत्पादनले स्थानीय बजारसँगै बाह्य बजारमा समेत आपूर्ति हुने अवस्था सिर्जना भएको छ । पछिल्लो समय व्यावसायिक पशुपालन, डेरी उद्योग तथा कृषि फार्म सञ्चालनतर्फ युवाहरूको आकर्षण बढ्दै गएको पाइन्छ । त्यसैगरी गाउँपालिकाका विभिन्न क्षेत्रमा माछापालन व्यवसायको समेत राम्रो सम्भावना रहेको छ । ताल, पोखरी तथा जलाशयको उपयोग गरी व्यावसायिक माछापालन गरिँदै आएको छ । यसबाट स्थानीय रोजगारी सिर्जना हुनुका साथै गाउँपालिकाको आर्थिक गतिविधिमा सकारात्मक प्रभाव परेको देखिन्छ । कृषि तथा पशुपालनसँगै साना तथा घरेलु उद्योगको विकासको सम्भावना पनि प्रशस्त रहेको छ । कृषि तथा वनजन्य कच्चा पदार्थको उपलब्धता, पर्याप्त समथर भूमि, सडक सञ्जाल, विद्युत तथा सञ्चार सुविधाको विस्तारका कारण कृषि आधारित उद्योग, खाद्य प्रशोधन उद्योग, डेरी उद्योग, दाना उद्योग, फर्निचर उद्योग तथा साना उत्पादनमूलक उद्योग सञ्चालनको सम्भावना रहेको छ ।

गाउँपालिकाभित्र सरकारी तथा निजी क्षेत्रका विभिन्न कार्यालय, बैंक तथा वित्तीय संस्था, सहकारी संस्था, विद्यालय तथा स्वास्थ्य संस्थाहरू सञ्चालनमा रहेका छन् । सरकारी सेवा, निजी व्यवसाय, शिक्षण पेशा, स्वास्थ्य सेवा, व्यापार व्यवसाय तथा वैदेशिक रोजगारीसमेत यहाँका नागरिकको आयआर्जनका महत्वपूर्ण आधार बनेका छन् । वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणले स्थानीय आर्थिक गतिविधि, घर निर्माण, शिक्षा, स्वास्थ्य तथा साना व्यवसाय सञ्चालनमा सहयोग पुऱ्याएको देखिन्छ । यस गाउँपालिकाको आर्थिक तथा सामाजिक विकासमा सहकारी संस्थाहरूको भूमिका विशेष महत्वपूर्ण रहेको छ । बचत तथा ऋण सहकारी संस्था, कृषि सहकारी, महिला सहकारी तथा लघुवित्त संस्थाहरूले स्थानीय स्तरमा बचत संकलन गरी कृषि, पशुपालन, व्यापार तथा स्वरोजगारमूलक क्षेत्रमा लगानी गरिरहेका छन् । यसले स्थानीय पूँजीलाई गाउँपालिका भित्रै परिचालन गर्न सहयोग पुऱ्याएको छ ।

साथै वाणिज्य बैंक तथा वित्तीय संस्थाको पहुँच विस्तारसँगै बैंकिङ कारोबार, डिजिटल भुक्तानी तथा उद्यमशीलता विकासमा समेत सकारात्मक प्रभाव परेको छ । पर्यटन क्षेत्रको दृष्टिकोणले पनि गाउँपालिकामा उल्लेखनीय सम्भावना रहेको छ । धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षण, मन्दिर क्षेत्रको विकास, स्थानीय संस्कृति, ग्रामीण जीवनशैली तथा प्राकृतिक वातावरणका कारण आन्तरिक

पर्यटन प्रवर्द्धनको अवसर रहेको छ । घरबास (होमस्टे), कृषि पर्यटन, शैक्षिक पर्यटन तथा ग्रामीण पर्यटनको विकासमार्फत स्थानीय रोजगारी तथा आयआर्जन वृद्धि गर्न सकिने सम्भावना देखिन्छ । समग्र रूपमा हेर्दा गैडहवा गाउँपालिका कृषि, पशुपालन, व्यापार, उद्योग, पर्यटन तथा सेवा क्षेत्रको विकासमार्फत आत्मनिर्भर र समृद्ध स्थानीय अर्थतन्त्र निर्माणतर्फ उन्मुख रहेको देखिन्छ ।

३. खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) अवस्थाको विश्लेषण

यस खण्डमा गैडहवा गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) क्षेत्रको वर्तमान अवस्था, उपलब्ध सेवा, पहुँच, गुणस्तर तथा विद्यमान चुनौतीहरूको विस्तृत विश्लेषण प्रस्तुत गरिएको छ। यसले गाउँपालिकाभित्र रहेका खानेपानी सेवा प्रणाली, सरसफाइ तथा स्वच्छता अभ्यास, सामुदायिक सरसफाइ सेवा, विद्यालय तथा स्वास्थ्य संस्थामा उपलब्ध खासस्व सुविधाको अवस्था स्पष्ट रूपमा चित्रण गर्दछ । साथै, वर्तमान अवस्था र लक्ष्यित अवस्थाबीच रहेको अन्तर (Gap) को पहिचान गरी सेवा सुधारका लागि आवश्यक प्राथमिकता तथा हस्तक्षेप क्षेत्रहरूलाई समेत उजागर गरिएको छ।

यस विश्लेषणबाट गाउँपालिकाको खासस्व क्षेत्रसँग सम्बन्धित सुशासन, संस्थागत क्षमता, वित्तीय व्यवस्था, सेवा दिगोपन तथा समन्वय व्यवस्थापनको अवस्था मूल्याङ्कन गरिएको छ । साथै, सेवा पहुँच र गुणस्तरमा रहेका कमी–कमजोरी, सामाजिक तथा भौगोलिक असमानता, स्रोत व्यवस्थापनका चुनौती तथा भावी आवश्यकता सम्बन्धी महत्वपूर्ण निष्कर्षहरू समेत प्रस्तुत गरिएको छ।

यस खण्डमा गैडहवा गाउँपालिकामा प्रयोग भइरहेका प्रमुख खानेपानी प्रविधिहरूको अवस्था तथा सेवा पहुँचको विश्लेषण गरिएको छ । विशेषगरी डब्लुएचओ (WHO) र युनिसेफ (UNICEF) को संयुक्त अनुगमन कार्यक्रम JMP (Joint Monitoring Programme) द्वारा निर्धारण गरिएको सेवा स्तर वर्गीकरणका आधारमा गाउँपालिकाको खानेपानी सेवाको अवस्था विश्लेषण गरिएको छ। JMP को क्षेत्रगत परिभाषाअनुसार खानेपानी सेवालाई सुरक्षित रूपमा व्यवस्थापन गरिएको (Safely Managed), आधारभूत (Basic), सीमित (Limited), असुरक्षित तथा सतही स्रोतमा आधारित सेवाका रूपमा वर्गीकरण गरी सेवा पहुँच तथा गुणस्तरको मूल्याङ्कन गरिएको छ।

यस अध्ययनले गैडहवा गाउँपालिकामा खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाको समग्र अवस्था बुझ्न, सेवा सुधारका लागि प्राथमिक क्षेत्र पहिचान गर्न तथा दीगो र समावेशी खासस्व योजना निर्माणमा मार्गदर्शन प्रदान गर्ने अपेक्षा गरिएको छ।

३.१. खानेपानीका प्राथमिक स्रोतहरु

गैडहवा गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना निर्माणका क्रममा गरिएको सर्वेक्षण अनुसार गाउँपालिकाभित्र खानेपानी आपूर्तिका लागि विभिन्न प्रकारका प्राकृतिक तथा संरचित स्रोतहरूको प्रयोग हुँदै आएको छ । गाउँपालिकाभित्रका अधिकांश घरधुरीले धारा, ट्युबवेल, हातेपम्प, बोरिङ तथा सामुदायिक खानेपानी योजनामार्फत खानेपानी उपभोग गर्दै आएका छन् । विशेषगरी तराई क्षेत्र भएकाले भूमिगत जलस्रोत यहाँको प्रमुख खानेपानीको आधारको रूपमा रहेको पाइन्छ।

गाउँपालिकाका ग्रामीण तथा शहरीउन्मुख बस्तीहरूमा नेपाल सरकार, गाउँपालिका तथा विभिन्न साझेदार निकायको सहयोगमा सञ्चालन गरिएका खानेपानी योजनाहरू विस्तार हुँदै गएका छन् । घरघरमा धारा जडान गर्ने अभियानका कारण सुरक्षित खानेपानीमा नागरिकको पहुँच क्रमशः वृद्धि भइरहेको छ।

केही क्षेत्रमा गहिरो बोरिङमार्फत पानी वितरण गरिएको छ भने कतिपय स्थानमा हातेपम्प तथा ट्युबवेल अझै पनि प्रमुख स्रोतका रूपमा प्रयोग भइरहेका छन् । गर्मीयाममा भूमिगत पानीको सतह घट्ने तथा

कतिपय स्थानमा पानीको गुणस्तर सम्बन्धी समस्या देखिने गरे तापनि गाउँपालिकाले सुरक्षित तथा दिगो खानेपानी व्यवस्थापनलाई प्राथमिकताका साथ अघि बढाइरहेको छ।

खानेपानीसँगै सरसफाइ तथा स्वच्छताको क्षेत्रमा पनि जनचेतना अभिवृद्धि हुँदै गएको छ। अधिकांश बस्तीहरूमा शौचालय निर्माण, फोहोर व्यवस्थापन तथा स्वच्छ पानीको प्रयोग सम्बन्धी कार्यक्रम सञ्चालन भइरहेका छन्। यसले जनस्वास्थ्य सुधार तथा पानीजन्य रोग नियन्त्रणमा सकारात्मक प्रभाव पारेको देखिन्छ।

समग्र रूपमा हेर्दा गैडहवा गाउँपालिकामा भूमिगत जलस्रोतमा आधारित खानेपानी प्रणाली प्रमुख रहेको तथा सुरक्षित, भरपर्दो र दीगो खानेपानी सेवाको पहुँच विस्तारतर्फ गाउँपालिका उन्मुख रहेको देखिन्छ।

तालिका 3-1: मौजुदा वास प्रणालीको अवस्था

क्र. सं.	सेवाका प्रकारहरू	प्रणालीको सङ्ख्या	लाभान्वित जनसङ्ख्या	यो के हो?
१	पाइप सञ्जालको खानेपानी	१०	६,८४७	कम्तीमा एउटा सङ्कलन इनटेक सहितको पाइप खानेपानी प्रणाली, कम्तीमा एउटा धाराको पाइप सञ्जाल खानेपानी प्रणाली
२	ट्युवबेलहरू	८६४३	४९,३०२	सार्वजनिक त निजी प्रयोगको लागि स्यालो ट्युवबेल
३	मानव मलमुत्रजन्य फोहोर	०	०	मानव मलमुत्रजन्य फोहोर व्यवस्थापन प्रणाली
४	ठोस फोहोर व्यवस्थापन	०	०	सामुदायिक ठोस फोहोर व्यवस्थापन प्रणाली
५	फोहोरपानी प्रशोधन प्रणाली	०	०	ढल सञ्जाल सहितको फोहोरपानी प्रशोधन प्रणाली

३.२. मौजुदा खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) प्रणालीको अवस्था

३.२.१. गाउँपालिकाको मौजुदा खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) प्रणालीको अवस्था अध्ययन गर्दा गाउँपालिका भित्र निम्न खानेपानी, सरसफाइ तथा स्वच्छता प्रणालीहरू रहेको देखिन्छ।

गाउँपालिकामा मौजुदा सन्चालित, अर्द्ध सन्चालित वा आँशिक सन्चालित खानेपानी आयोजनाहरु वडागत रुपमा हेर्दा का ९% घरधुरीले पाइप प्रणालीबाट खानेपानी सेवा प्राप्त गरेको देखिन्छ भने ९१.००% घरधुरीहरुले ट्यूबवेलबाट खानेपानी सेवा प्राप्त गरेको देखिन्छ। यसको विस्तृत विवरण तलको तालिका अनुसार रहेको छ जसमा वडागत बस्तीहरू र खानेपानीको विवरण दिइएको छ।



चित्र 3-1: खानेपानी सेवा

ट्युवबेल



चित्र 3-2: ट्युवबेल

सरसफाइ घरधुरी



चित्र 3-3: सरसफाइ घरधुरी

३.२.२. घरायसी स्तरमा पहुँच र सेवा स्तर

गैडहवा गाउँपालिका मा घरायसी स्तरमा खानेपानी तथा सरसफाइ सेवाको पहुँच क्रमशः विस्तार हुँदै गएको देखिन्छ । गाउँपालिकाले खुला दिसामुक्त अवस्था कायम राख्दै सुरक्षित खानेपानी, शौचालय प्रयोग तथा सरसफाइ व्यवहार सुधारका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।

घरायसी स्तरमा खानेपानी सेवाको पहुँच तथा सरसफाइ सेवाको कभरेज सम्बन्धी अवस्था माथिको तालिकामा प्रस्तुत गरिएको छ । प्राप्त तथ्याङ्क अनुसार गाउँपालिकाको उल्लेखनीय जनसङ्ख्याले आधारभूत सरसफाइ सेवा प्राप्त गरिरहेको देखिन्छ । अधिकांश घरधुरीमा शौचालय निर्माण तथा प्रयोगको अवस्था रहेको, नियमित सरसफाइ गर्ने बानीको विकास भएको तथा सुरक्षित पानीको

प्रयोग बढ्दै गएको पाइन्छ ।

यद्यपि सुरक्षित सरसफाइ सेवाको पूर्ण मापदण्डअनुसार सेवा प्राप्त गर्ने जनसङ्ख्याको विवरण उपलब्ध नभएको अवस्था देखिन्छ । सुरक्षित सरसफाइ सेवा अन्तर्गत फोहोर तथा ढलको सुरक्षित व्यवस्थापन, दिसाजन्य लेदोको सुरक्षित प्रशोधन तथा वातावरणमैत्री विसर्जन प्रणाली जस्ता पक्षहरू समावेश हुने भएकाले यस सम्बन्धी विस्तृत तथ्याङ्क अद्यावधिक तथा व्यवस्थित गर्न आवश्यक रहेको पाइन्छ ।

गाउँपालिकाका केही क्षेत्रमा अझै पनि ढल तथा फोहोर व्यवस्थापनको दिगो प्रणाली विकास हुन बाँकी रहेको, सुरक्षित फोहोर विसर्जन तथा सरसफाइसम्बन्धी व्यवहार परिवर्तनलाई थप प्रभावकारी बनाउनुपर्ने अवस्था देखिन्छ । विशेषगरी ग्रामीण तथा पिछडिएका बस्तीहरूमा सुरक्षित सरसफाइ सेवाको पहुँच विस्तार गर्न थप पूर्वाधार निर्माण, जनचेतना अभिवृद्धि तथा नियमित अनुगमन आवश्यक रहेको छ ।

समग्र रूपमा हेर्दा गैडहवा गाउँपालिकामा आधारभूत सरसफाइ सेवाको पहुँच सन्तोषजनक अवस्थामा रहेको भए तापनि सुरक्षित तथा दिगो सरसफाइ सेवाको सुनिश्चितताका लागि थप योजना, लगानी तथा संस्थागत व्यवस्थापन आवश्यक देखिन्छ ।

३.२.३. मानव मलमुत्र-जन्य फोहोर व्यवस्थापन:

हालसम्म गाउँपालिकामा यो सेवा र सुबिधाको उपलब्धता नरहेको देखिन्छ। गैडहवा गाउँपालिका मा मानव मलमुत्र–जन्य फोहोर व्यवस्थापन सम्बन्धी सेवा तथा संरचनाको विकास प्रारम्भिक अवस्थामै रहेको देखिन्छ । हालसम्म गाउँपालिकामा दिसाजन्य लेदो (Fecal Sludge) को सुरक्षित संकलन, ढुवानी, प्रशोधन तथा व्यवस्थापनका लागि आवश्यक संस्थागत तथा प्राविधिक सेवा पूर्ण रूपमा उपलब्ध हुन नसकेको अवस्था रहेको छ ।

गाउँपालिकामा अधिकांश घरधुरीहरूले सेप्टिक ट्याङ्की तथा साधारण शौचालय प्रयोग गरिरहेका भए तापनि त्यसबाट निस्कने फोहोरको सुरक्षित प्रशोधन तथा अन्तिम व्यवस्थापनका लागि व्यवस्थित प्रणाली विकास हुन बाँकी रहेको पाइन्छ । विशेषगरी सेप्टिक ट्याङ्की सफाइपश्चात निस्कने फोहोरको सुरक्षित विसर्जन तथा वातावरणमैत्री व्यवस्थापनका लागि आवश्यक पूर्वाधार, उपकरण तथा जनशक्ति अभाव रहेको देखिन्छ ।

मानव मलमुत्र–जन्य फोहोरको उचित व्यवस्थापन नहुँदा दीर्घकालीन रूपमा वातावरणीय प्रदूषण, भूमिगत जलस्रोतमा असर तथा जनस्वास्थ्य सम्बन्धी जोखिम बढ्न सक्ने सम्भावना रहन्छ । त्यसैले गाउँपालिकाले आगामी दिनमा सुरक्षित सरसफाइ प्रणाली अन्तर्गत दिसाजन्य फोहोर व्यवस्थापनलाई प्राथमिकतामा राखी आवश्यक नीति, योजना तथा पूर्वाधार विकास गर्नुपर्ने आवश्यकता देखिन्छ ।

यसका लागि सेप्टिक ट्याङ्की मापदण्डअनुसार निर्माण, फोहोर संकलन तथा ढुवानी सेवा सञ्चालन, प्रशोधन केन्द्र स्थापना, जनचेतना अभिवृद्धि तथा निजी क्षेत्रसँगको सहकार्यमार्फत दीगो व्यवस्थापन प्रणाली विकास गर्न आवश्यक रहेको छ ।

समग्र रूपमा हेर्दा गाउँपालिकामा आधारभूत सरसफाइको पहुँच विस्तार भए तापनि मानव मलमुत्र–जन्य फोहोरको सुरक्षित तथा दिगो व्यवस्थापनका लागि अझै पर्याप्त संरचना तथा सेवा विकास हुन बाँकी रहेको अवस्था देखिन्छ ।

३.२.४. ढल सहितको फोहोरपानी प्रशोधन केन्द्र:

गैडहवा गाउँपालिकामा ढलसहितको फोहोरपानी प्रशोधन केन्द्र तथा संगठित ढल व्यवस्थापन प्रणालीको विकास हालसम्म हुन नसकेको अवस्था रहेको देखिन्छ । गाउँपालिकाभित्र उत्पन्न हुने घरेलु फोहोरपानी तथा ढल व्यवस्थापनका लागि केन्द्रीयकृत प्रशोधन प्रणाली उपलब्ध नरहेको कारण अधिकांश स्थानमा परम्परागत तथा स्थानीय स्तरकै निकास प्रणाली प्रयोग हुँदै आएको पाइन्छ ।

हाल गाउँपालिकाका अधिकांश घरधुरी तथा संस्थाहरूबाट निस्कने फोहोरपानी खुला नाला, सोकपिट वा प्राकृतिक निकासमार्फत व्यवस्थापन गर्ने गरिएको अवस्था छ । व्यवस्थित ढल निकास तथा प्रशोधन प्रणालीको अभावका कारण केही स्थानमा वर्षायाममा पानी जम्ने, दुर्गन्ध फैलिने तथा वातावरणीय सरसफाइमा असर पर्ने समस्या देखिने गरेको छ ।

ढल तथा फोहोरपानीको उचित व्यवस्थापन नहुँदा दीर्घकालीन रूपमा वातावरणीय प्रदूषण, जलस्रोतमा असर तथा पानीजन्य रोग फैलिने जोखिम बढ्न सक्ने अवस्था रहन्छ । विशेषगरी बढ्दो बस्ती विकास, बजार क्षेत्रको विस्तार तथा जनघनत्व वृद्धि सँगसँगै व्यवस्थित ढल तथा फोहोरपानी व्यवस्थापन प्रणालीको आवश्यकता अझ बढी महसुस हुँदै गएको छ ।

यस सन्दर्भमा गाउँपालिकाले आगामी दिनमा एकीकृत ढल निकास प्रणाली, फोहोरपानी प्रशोधन केन्द्र निर्माण, वर्षेनी हुने जलजन्य समस्याको न्यूनीकरण तथा वातावरणमैत्री फोहोरपानी व्यवस्थापनका कार्यक्रमलाई प्राथमिकतामा राख्न आवश्यक देखिन्छ । साथै स्थानीय समुदायमा सरसफाइ तथा फोहोरपानी व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि गर्दै दिगो सरसफाइ प्रणाली विकास गर्नुपर्ने आवश्यकता रहेको छ ।

समग्र रूपमा हेर्दा गैडहवा गाउँपालिकामा आधारभूत सरसफाइ सेवाको पहुँच विस्तार हुँदै गए तापनि ढल सहितको फोहोरपानी प्रशोधन तथा व्यवस्थापन प्रणालीको विकास अझै प्रारम्भिक अवस्थामै रहेको देखिन्छ ।

३.२.५. ठोस फोहोर व्यवस्थापन:

हालसम्म गाउँपालिकामा ठोस फोहोर व्यवस्थापन सेवा र सुबिधाको उपलब्धता नरहेको देखिन्छ।

तालिका 3-2: घरायसी स्तरमा पहुँच र सेवा स्तर

		पइप प्रणाली खानेपानी		ट्युवबेल		सरसफाइ घरधुरी		FSM		ढल सहितको फोहोरपानी प्रशोधन केन्द्र		ठोस फोहोर व्यवस्थापन	
क्र.सं.	लाभान्वित जनस ङ्ख्या	जनस.	%	जनस.	%	जनस.	%	जनस.	%	जनस.	%	जनस.	%
१	सुरक्षित व्यवस्थापन गरिएको सेवा	६	०.०३	०	०	०	०	०	०	०	०	०	०
२	आधारभूत सेवाहरू	१४१६९	५९.६१	८६०४	३६	४३४६७	७७	०	०	०	०	०	०
	जम्मा लाभान्वित	१४१७५	५९.६	८६०४	३६	४३४६७	७७	०	०	०	०	०	०

			४										
३	सीमित सेवाहरू	९९०	४.१७	०	०	७९११	१४	०	०	०	०	०	०
४	सुधार नभएको सेवाहरू	०	०	०	०	०	०	०	०	०	०	०	०
५	सेवा नपुगेको	०	०	०	०	५११७	९	१५१६५	१००	५६४९५	१००	१५१६५	१००
६	जम्मा जनस ङ्ख्या	१५१६५	६३.८१	८६०४	३६	५६४९५	१००	१५१६५	१००	५६४९५	१००	१५१६५	१००

३.३. सरसफाइ र स्वच्छता

गाउँपालिका भित्रको सरसफाइ तथा स्वच्छता सेवाको अवस्थालाई चित्रण गर्दछ । सर्वेक्षणबाट प्राप्त तथ्याङ्क अनुसार गाउँपालिकाका अधिकांश घरधुरीहरूमा व्यक्तिगत सरसफाइ सम्बन्धी आधारभूत सुविधाको पहुँच विस्तार भएको देखिन्छ । कुल घरधुरीमध्ये उल्लेखनीय प्रतिशत घरधुरीमा हात धुने सुविधा उपलब्ध रहेको पाइयो । ती घरधुरीहरूमा हात धुने स्थान नजिकै साबुन राख्ने व्यवस्था समेत गरिएको देखिएकाले व्यक्तिगत सरसफाइ तथा स्वास्थ्य सम्बन्धी व्यवहारमा सकारात्मक सुधार आएको अनुमान गर्न सकिन्छ । विशेषगरी साबुनपानीले हात धुने बानीको विकासले पानीजन्य तथा सरुवा रोग न्यूनीकरणमा महत्वपूर्ण योगदान पुऱ्याउने देखिन्छ ।

सर्वेक्षणका क्रममा केही घरधुरीहरूमा अझै शौचालय निर्माण नभएको अवस्था देखिए तापनि त्यस्ता घरधुरीहरूमा समेत हात धुने सुविधाको व्यवस्था गरिएको पाइयो । यसले सरसफाइ तथा व्यक्तिगत स्वच्छताप्रति समुदायमा चेतनाको स्तर क्रमशः वृद्धि हुँदै गएको संकेत गर्दछ ।

गाउँपालिकाले खुला दिसामुक्त अवस्था कायम राख्न, सुरक्षित शौचालय प्रयोगलाई प्रवर्द्धन गर्न तथा सबै घरधुरीमा हात धुने सुविधा विस्तार गर्न विभिन्न जनचेतनामूलक तथा व्यवहार परिवर्तनसम्बन्धी कार्यक्रम सञ्चालन गर्दै आएको छ । साथै विद्यालय, स्वास्थ्य संस्था तथा समुदायस्तरमा सरसफाइ अभियान सञ्चालन गरिनुका साथै साबुनपानीले हात धुने अभ्यासलाई विशेष प्राथमिकताका साथ प्रवर्द्धन गरिएको छ ।

यद्यपि केही घरधुरीमा अझै शौचालय निर्माण तथा सुरक्षित सरसफाइ सेवाको पहुँच विस्तार गर्न आवश्यक देखिन्छ । विशेषगरी विपन्न तथा पिछडिएका बस्तीहरूमा सरसफाइ पूर्वाधार विस्तार, जनचेतना अभिवृद्धि तथा नियमित अनुगमनमार्फत दिगो सरसफाइ व्यवहार सुनिश्चित गर्नुपर्ने आवश्यकता रहेको छ ।

समग्र रूपमा हेर्दा गाउँपालिकामा व्यक्तिगत सरसफाइ तथा हात धुने अभ्यासमा उल्लेखनीय सुधार आएको भए तापनि पूर्ण तथा सुरक्षित सरसफाइ सेवाको पहुँच सुनिश्चित गर्न थप प्रयास आवश्यक देखिन्छ ।

तालिका 3-3: सरसफाइ र स्वच्छताको सेवा स्तर

क्र.सं.	सेवा स्तर	घरधुरी	जनसङ्ख्या	निजी चर्पीको सङ्ख्या	हात धुने सुविधा भएका घरधुरीको सङ्ख्या	साबुन सहितको हात धुने सुविधा भएका घरधुरीको सङ्ख्या	अपाङ्ग-मैत्री चर्पीको सङ्ख्या	पानी सहितको चर्पी भएका घरधुरीको सङ्ख्या
१	Safely Managed	०	०	०	०	०	०	०
२	Basic	६६२६	४३४६७	६६२६	५९०७	५९०७	०	५९०७
३	Limited	१२०६	७९११	०	१०४१	१०४१	०	१०४१
४	Unimproved	०	०	०	०	०	०	०
५	No Toilet	७८०	५११७	०	४१२	४१२	०	४१२
६	जम्मा	८६१२	५६४९५	६६२६	७३६०	७३६०	०	७३६०

३.४. संस्थाहरूमा कभरेज र समुच्च सेवा स्तर

गाउँपालिका भित्रका संस्थाहरूमा खासस्व को अवस्था, JMP(Joint Monitoring Programme) को खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) क्षेत्रगत परिभाषामा आधारित रहि सङ्ख्याको हिसाबले प्रस्तुत गरिएको छ। सेवाको स्तरहरू बर्गिकरण पनि JMP कै सूचकमा आधारित रहि उन्नत, आधारभूत, सीमित र सेवा नभएको भनि गरिएको छ। यसको विस्तृत टिपोट (Name of the Note) http://nwash.gov.np/dashboard मा हेर्न सकिन्छ।

तालिका 3-4: संस्थाहरूमा कभरेज र समुच्च सेवा स्तर

		विद्यालय					स्वास्थ्य संस्था					सार्वजनिक स्थल				
क्र. सं.	वास सेवा	उन्नत	आधार भूत	सीमित	नभएको	जम्मा	उन्नत	आधार भूत	सीमित	नभएको	जम्मा	उन्नत	आधार भूत	सीमित	नभएको	जम्मा
१	खानेपानी	०	३६	१३	०	४९	०	०	१०	०	१०	०	०	०	०	०
२	सरसफाइ	०	४१	८	०	४९	०	०	७	३	१०	०	०	०	०	०
३	स्वच्छता	०	०	४१	८	४९	०	०	१०	०	१०	०	०	०	०	०
४	वातावरणीय सफाइ	०	०	०	०	०	०	९	०	१	१०	०	०	०	०	०

३.५. विद्यालयमा खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) सुविधाहरू

गैडहवा गाउँपालिका अन्तर्गत सञ्चालनमा रहेका सामुदायिक तथा निजी विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको स्वास्थ्य, स्वच्छता तथा सुरक्षित शैक्षिक वातावरण सुनिश्चित गर्न खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) सुविधालाई महत्वपूर्ण आधारका रूपमा लिइएको छ। गाउँपालिकाभित्र सञ्चालनमा रहेका कुल ४९ वटा शैक्षिक संस्थामध्ये आधारभूत तह तथा माध्यमिक तहका विद्यालयहरू रहेका छन्। गाउँपालिकामा छुट्टै कलेज स्तरका शैक्षिक संस्थाहरू सञ्चालनमा नरहेका छन् भने प्रारम्भिक बाल विकास कार्यक्रम विद्यालयसँग समायोजन गरी सञ्चालन गरिएको अवस्था छ। यी विद्यालयहरूमा हजारौँ विद्यार्थी अध्ययनरत रहेका छन्। विद्यार्थीहरूको नियमित पठनपाठन, स्वास्थ्य सुरक्षा तथा स्वच्छ वातावरण कायम राख्न विद्यालयहरूमा खानेपानी, शौचालय, हात धुने स्थान, फोहोर व्यवस्थापन तथा सरसफाइ सम्बन्धी

आधारभूत सुविधाको व्यवस्था गरिएको छ । अधिकांश विद्यालयहरूमा धारा, ट्याङ्की, हातेपम्प वा अन्य स्थानीय स्रोतमार्फत खानेपानी आपूर्ति गरिएको पाइन्छ ।

विद्यालयहरूमा छात्र तथा छात्राका लागि अलग–अलग शौचालय निर्माण गर्ने कार्य क्रमशः विस्तार हुँदै गएको छ । साथै हात धुने बानीको विकास, साबुनपानीको प्रयोग, महिनावारी स्वच्छता व्यवस्थापन तथा विद्यालय परिसर सरसफाइ सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन भइरहेका छन् । केही विद्यालयहरूमा अझै भौतिक पूर्वाधार, पानीको नियमित उपलब्धता तथा शौचालय मर्मत व्यवस्थापनमा सुधार आवश्यक देखिए तापनि गाउँपालिकाले विद्यालय खासस्व कार्यक्रमलाई प्राथमिकताका साथ अघि बढाइरहेको छ ।

विद्यालयहरूमा रहेका खानेपानी तथा सरसफाइ सुविधाको अवस्था सम्बन्धी तथ्याङ्क सङ्कलन तथा विश्लेषण एनवास (N-WASH) मोबाइल एप्समार्फत गरिएको थियो । उक्त सर्वेक्षणबाट प्राप्त विवरणका आधारमा विद्यालयहरूमा खानेपानी, सरसफाइ तथा स्वच्छताको पहुँच, उपयोग तथा व्यवस्थापनको अवस्थालाई मूल्याङ्कन गरिएको छ । सर्वेक्षणबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूको विस्तृत विवरण सम्बन्धित तालिकाहरूमा प्रस्तुत गरिएको छ ।

तालिका 3-5: शैक्षिक संस्थामा सुधारिएको खानेपानी प्रणाली

क्र. सं.	खानेपानी प्रणाली	विद्यालय सङ्ख्या	विद्यार्थी सङ्ख्या
१	सुधारिएको	४२	१११५०
२	सुधार नभएको	७	१५५०
३	जम्मा	४९	१२७००

तलको तालिकामा खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाहरूको विभिन्न सेवा स्तरमा विद्यालयको सङ्ख्या र लाभान्वित विद्यार्थीको सङ्ख्या दिइएको छ ।

तालिका 3-6: शैक्षिक संस्थाको सेवा स्तर

		खानेपानी		सरसफाइ		स्वच्छता	
क्र. सं.	सेवा स्तर	विद्यालय सङ्ख्या	विद्यार्थी सङ्ख्या	विद्यालय सङ्ख्या	विद्यार्थी सङ्ख्या	विद्यालय सङ्ख्या	विद्यार्थी सङ्ख्या
१	सेवा नभएको	०	०	०	०	८	२०५२
२	आधारभूत	१३	३०४५	८	७७६	४१	१०६४८
३	सीमित	३६	९६५५	४१	११९२४	०	०
४	उन्नत	०	०	०	०	०	०
५	जम्मा	४९	१२७००	४९	१२७००	४९	१२७००

तलको तालिकाले विद्यालयमा छात्रा र छात्रहरूको लागि चर्पीको सङ्ख्या, अपाङ्ग-मैत्रीका साथै महिनावारी स्वच्छता व्यवस्थापन सुविधाहरू भएको चर्पीहरूको सङ्ख्या समेत देखाउँछ ।

तालिका 3-7: शैक्षिक संस्थाको चर्पीको सेवा स्तर

		चर्पीको सङ्ख्या

क्र.सं.	सेवा स्तर	छात्रा	छात्र	अपाङ्ग-मैत्री	मस्वव्य सुविधा
१	सेवा नभएको	०	०	०	०
२	आधारभूत	०	०	०	०
३	सीमित	६१	६३	०	०
४	उन्नत	०	०	०	०
५	जम्मा	६१	६३	०	०

शैक्षिक संस्थाका चर्पीको सेवा स्तर



चित्र 3-4: शैक्षिक संस्थाका चर्पीको सेवा स्तर

गैडहवा गाउँपालिका अन्तर्गत रहेका ४९ वाटै बिद्यालयहरुमा शौचालयको सुविधा रहेको पाइन्छ र ती सवै बिद्यालयहरुमा छात्राहरुका लागि छुट्टै शौचालयको व्यवस्था रहेको छ ।

३ ८.स्वास्थ्य संस्थामा खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) सुविधाहरू

गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरुमा रहेका खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) सेवा तथा सुबिधाहरुको लेखाजोखा गर्ने क्रममा 'उन्नत स्तरको' खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) सेवाको निर्धारित परिभाषा सहित लेखाजोखा गरिएको छैन । त्यसैले 'आधारभूत सेवा' स्तरको स्वास्थ्य संस्थाहरूको सङ्ख्यालाई नै,उन्नत स्तरको सेवा पनि भएको स्वास्थ्य संस्थामा समावेश गर्न सकिने छ । तलको तालिकाले गैडहवा गाउँपालिकाको स्वास्थ्य संस्थाको सङ्ख्या र जनसङ्ख्या (बिरामी र कर्मचारी) को लागि विभिन्न स्तरको सेवा र खानेपानी, सरसफाइ तथा स्वच्छता र ठोस फोहोर व्यवस्थापनको सुविधाहरू देखाउँछ ।

तालिका 3-8: स्वास्थ्य संस्थाको सेवा स्तर

		खानेपानी	सरसफाइ	स्वच्छता	ठोस फोहोर व्यवस्थापन

क्र. सं.	सेवा स्तर	स्वास्थ्य संस्थाको सङ्ख्या	जन सङ्ख्या	स्वास्थ्य संस्थाको सङ्ख्या	जन सङ्ख्या	स्वास्थ्य संस्थाको सङ्ख्या	जन सङ्ख्या	स्वास्थ्य संस्थाको सङ्ख्या	जन सङ्ख्या
१	सेवा नभएको	०	०	३	६५	०	०	१०	४९४
२	आधारभूत	१०	४९४	७	४२९	१०	४९४	०	०
३	सीमित	०	०	०	०	०	०	०	०
४	उन्नत	०	०	०	०	०	०	०	०
५	जम्मा	१०	४९४	१०	४९४	१०	४९४	१०	४९४

गाउँपालिका क्षेत्रभित्र भएका १० वटा स्वास्थ संस्थाहरुमध्ये गैडहवा गाउँपालिका क्षेत्रभित्र रहेका १० वटा स्वास्थ्य संस्थाहरूमा खानेपानी सेवाको अवस्थासम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ। स्वास्थ्य संस्थाहरूमा सुरक्षित तथा नियमित खानेपानी सेवा उपलब्ध हुनु स्वास्थ्य सेवा प्रवाह, सरसफाइ तथा संक्रमण नियन्त्रणका दृष्टिले अत्यन्त महत्वपूर्ण मानिन्छ।

सर्वेक्षणबाट प्राप्त तथ्याङ्क अनुसार गाउँपालिकाभित्र रहेका अधिकांश स्वास्थ्य संस्थाहरूमा आधारभूत तहको खानेपानी सुविधा उपलब्ध रहेको देखिन्छ। स्वास्थ्य संस्थाहरूमा धारा, ट्याङ्की, बोरिङ, हातेपम्प वा अन्य सुरक्षित स्रोतमार्फत खानेपानी आपूर्ति गरिएको पाइन्छ। यसले स्वास्थ्यकर्मी, सेवाग्राही तथा स्वास्थ्य संस्थाको दैनिक सरसफाइ व्यवस्थापनमा सहयोग पुगेको देखिन्छ। त्यसैगरी सीमित स्तरको खानेपानी सुविधा भएका स्वास्थ्य संस्थाहरूको अवस्था हाल गाउँपालिकामा नरहेको पाइयो। यसले आधारभूत खानेपानी पहुँच विस्तारका दृष्टिले गाउँपालिकाले सन्तोषजनक उपलब्धि हासिल गरेको संकेत गर्दछ। स्वास्थ्य संस्थाहरूमा सुरक्षित खानेपानीको उपलब्धतासँगै हात धुने सुविधा, शौचालय सरसफाइ, फोहोर व्यवस्थापन तथा संक्रमण रोकथामसम्बन्धी गतिविधिहरू सञ्चालन गर्न सहज भएको देखिन्छ। विशेषगरी प्रसूति सेवा, खोप सेवा तथा बिरामी उपचारका क्रममा स्वच्छ पानीको उपलब्धताले स्वास्थ्य सेवाको गुणस्तर सुधार गर्न महत्वपूर्ण योगदान पुऱ्याएको छ।

यद्यपि केही स्वास्थ्य संस्थाहरूमा पानीको नियमित आपूर्ति, भण्डारण क्षमता तथा खानेपानी प्रणालीको मर्मत सम्भारलाई थप व्यवस्थित बनाउन आवश्यक देखिन्छ। भविष्यमा सुरक्षित तथा दिगो खानेपानी सेवा सुनिश्चित गर्न गाउँपालिकाले स्वास्थ्य संस्थाहरूको खानेपानी पूर्वाधार सुदृढीकरणमा निरन्तर ध्यान दिनुपर्ने आवश्यकता रहेको छ।

३.६. स्वास्थ्य संस्थामा सरसफाइ

गैडहवा गाउँपालिका अन्तर्गत सञ्चालनमा रहेका १० वटा स्वास्थ्य संस्थाहरूमा रहेका शौचालय सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ। स्वास्थ्य संस्थाहरूमा सेवाग्राही तथा स्वास्थ्यकर्मीको सहजता, स्वच्छता तथा स्वास्थ्य सुरक्षालाई मध्यनजर गर्दै आधारभूत सरसफाइ सुविधाको व्यवस्था गरिएको पाइन्छ।

अध्ययनबाट प्राप्त तथ्याङ्क अनुसार सबै स्वास्थ्य संस्थाहरूमा महिला तथा पुरुषका लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था गरिएको देखिन्छ। यस प्रकारको व्यवस्थाले स्वास्थ्य संस्थाहरूलाई लैङ्गिक रूपमा संवेदनशील तथा सेवाग्राहीमैत्री बनाउन सहयोग पुगेको छ। त्यसैगरी स्वास्थ्य संस्थाहरूमा महिलाको महिनावारी स्वच्छता व्यवस्थापनलाई ध्यानमा राखी केही शौचालयहरूमा आवश्यक सुविधा उपलब्ध गराइएको अवस्था रहेको छ। महिनावारी स्वच्छता व्यवस्थापनसँग सम्बन्धित सामग्री व्यवस्थापन, पानीको उपलब्धता तथा सरसफाइको अवस्था सुधार गर्न गाउँपालिकाले प्राथमिकता दिएको पाइन्छ।

अपाङ्गता भएका व्यक्तिहरूलाई समेत स्वास्थ्य सेवामा सहज पहुँच सुनिश्चित गर्न केही स्वास्थ्य संस्थाहरूमा अपाङ्गमैत्री शौचालय निर्माण तथा प्रयोगको व्यवस्था गरिएको देखिन्छ । यस्ता संरचनाले शारीरिक रूपमा अशक्त, ज्येष्ठ नागरिक तथा विशेष आवश्यकता भएका सेवाग्राहीहरूको पहुँच अभिवृद्धि गर्न सहयोग पुऱ्याएको छ । यद्यपि केही स्वास्थ्य संस्थाहरूमा शौचालयको भौतिक अवस्था, नियमित मर्मत, पानीको उपलब्धता तथा अपाङ्गमैत्री संरचना विस्तार गर्न अझै आवश्यकता रहेको देखिन्छ । समग्र रूपमा हेर्दा स्वास्थ्य संस्थाहरूमा सुरक्षित, स्वच्छ तथा समावेशी सरसफाइ सुविधा विस्तारतर्फ गाउँपालिका क्रमशः अघि बढिरहेको अवस्था देखिन्छ ।

३.६.१. स्वास्थ्य संस्थामा ठोस फोहोर व्यवस्थापन

स्वास्थ्य संस्थाहरूमा सुरक्षित सरसफाइ तथा स्वास्थ्यजन्य फोहोर व्यवस्थापनलाई प्रभावकारी बनाउन विभिन्न प्रकारका संरचना तथा व्यवस्थापन प्रणालीहरू सञ्चालनमा रहेका छन् । गैडहवा गाउँपालिका अन्तर्गत रहेका १० वटा स्वास्थ्य संस्थामध्ये सबै स्वास्थ्य संस्थाहरूमा ठोस फोहोर सुरक्षित रूपमा संकलन तथा व्यवस्थापन गर्न आवश्यक बकेट तथा इन्सिनेरेटरको व्यवस्था गरिएको पाइन्छ । यसले स्वास्थ्य संस्थाबाट निस्कने फोहोरलाई सुरक्षित रूपमा व्यवस्थापन गर्न सहयोग पुगेको देखिन्छ । त्यसैगरी अधिकांश स्वास्थ्य संस्थाहरूमा सालनाल (प्लेसेन्टा) लगायत जैविक फोहोर सुरक्षित रूपमा विसर्जन गर्न प्लेसेन्टा पिट (खाल्डो) निर्माण गरिएको अवस्था रहेको छ । यस प्रकारको व्यवस्थाले स्वास्थ्य संस्थाको सरसफाइ कायम राख्नुका साथै वातावरणीय प्रदूषण न्यूनीकरणमा समेत सहयोग पुऱ्याएको छ ।

स्वास्थ्य संस्थाहरूमा उत्पन्न हुने धारिलो तथा सङ्क्रामक फोहोरलाई सुरक्षित तरिकाले छुट्टाछुट्टै संकलन तथा विसर्जन गर्ने प्रणाली क्रमशः कार्यान्वयनमा ल्याइएको छ । फोहोर वर्गीकरणका लागि लेबलिङसहितको व्यवस्थापन प्रणाली अपनाइएको पाइन्छ, जसले स्वास्थ्यकर्मी तथा सेवाग्राहीलाई फोहोरको सुरक्षित व्यवस्थापनमा सहजता प्रदान गरेको छ । महिनावारी स्वच्छता व्यवस्थापनको दृष्टिकोणले पनि केही स्वास्थ्य संस्थाहरूमा आवश्यक सामग्री, सरसफाइ सुविधा तथा सचेतनामूलक अभ्यासहरू सञ्चालनमा रहेका छन् । महिला तथा किशोरीमैत्री सेवा प्रवाहलाई प्रभावकारी बनाउन महिनावारी स्वच्छता व्यवस्थापनसम्बन्धी सुविधाको विस्तारमा गाउँपालिकाले विशेष ध्यान दिँदै आएको छ ।

स्वास्थ्य संस्थाहरूको वातावरणीय सरसफाइ सम्बन्धी अध्ययनबाट अधिकांश स्वास्थ्य संस्थाहरूमा सरसफाइ तथा फोहोर व्यवस्थापनसम्बन्धी प्रोटोकल तयार गरिएको तथा सोको कार्यान्वयनका लागि कर्मचारी परिचालन गरिएको पाइयो । नियमित सरसफाइ, फोहोर संकलन, स्वास्थ्य संस्थाको परिसर व्यवस्थापन तथा संक्रमण नियन्त्रणका गतिविधिहरू सञ्चालन हुँदै आएको देखिन्छ । यस प्रकारको व्यवस्थाले स्वास्थ्य संस्थाहरूलाई स्वच्छ, सुरक्षित तथा सेवाग्राहीमैत्री बनाउन महत्वपूर्ण योगदान पुऱ्याएको छ ।

स्वास्थ्य संस्थाहरूमा खानेपानी, सरसफाइ तथा स्वास्थ्यजन्य फोहोर व्यवस्थापनको अवस्था सम्बन्धी विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका 3-9: स्वास्थ्य संस्थाको अवस्था

क्र. सं.	सेवा स्तर	सङ्ख्या

स्वास्थ्य संस्थामा खानेपानी सेवा		
१	पर्याप्त खानेपानी भएका स्वास्थ्य संस्थाको सङ्ख्या	१०
२	सुरक्षित पानी भएका स्वास्थ्य संस्थाको सङ्ख्या	१०
स्वास्थ्य संस्थामा सरसफाइ		
१	पुरुषको लागि प्रयोग-योग्य शौचालय	८
२	महिलाको लागि प्रयोग-योग्य शौचालय	८
३	महिलाको लागि महिनावारि स्वच्छता व्यवस्थापन-योग्य शौचालय	०
४	अपाङ्ग-मैत्री शौचालय	०
स्वास्थ्य संस्थामा स्वच्छता		
१	साबुन सहितको हात धुने सुविधा भएका स्वास्थ्य संस्था	१०
२	अल्कोहलमा आधारित हात सफा गर्ने सुविधा भएका स्वास्थ्य संस्था	१०
३	प्रयोग-योग्य हात धुने सुविधा भएका स्वास्थ्य संस्था	१०
स्वास्थ्य संस्थामा ठोस फोहोर व्यवस्थापन		
१	फोहोर फल्ने भाँडो	१०
२	धारिलो र सङ्क्रामक फोहोर छुट्टाइएको र विसर्जन गरेको	०
३	महिनावारी स्वच्छता व्यवस्थापनको लागि इन्सिनेरेटर सहितको उपलब्धता	५
४	खतरनाक फोहोरको लागि इन्सिनेरेटर सहितको उपलब्धता	३
५	प्लेसेन्टा फाल्ने खाल्डोको उपलब्धता	९
स्वास्थ्य संस्थाहरूमा वातावरणीय सरसफाइ		
१	वातावरणीय सरसफाइको लागि प्रोटोकल भएको	९
२	वातावरणीय सरसफाइको लागि कर्मचारी भएको	९

३.७. सार्वजनिक स्थलमा खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) सुविधाहरू

यस गाउँपालिका भित्र जम्मा १० सार्वजनिक शौचालयहरु छन् तर ती सार्वजनिक शौचालयहरुको संचालन, मर्मत संभार र व्यवस्थापन एउटा चुनौतीको रुपमा रहेको छ। ४ वटा शौचालयहरुमा हात धुने र पर्याप्त पानीको उपलब्धता रहेको छ। संचालनमा रहेका सार्वजनिक शौचालयहरुमा महिला शौचालायहरु १० वटा छन् । गाउँपालिका भित्रका सार्वजनिक शौचालयहरुको सरसफाइ सुविधाहरुको अवस्था सम्वन्धि विवरण तलका तालिकाहरुमा प्रस्तुत गरिएको छ।

तालिका 3-10: सार्वजनिक स्थलमा खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व)को अवस्था

क्र. सं.	सेवा स्तर	सङ्ख्या
सार्वजनिक स्थानहरूमा खानेपानी		
१	हात धुने र शौचालयका सुविधाहरूमा पर्याप्त पानीको उपलब्धता	४
सार्वजनिक स्थानहरूमा सरसफाइ		
१	महिला शौचालय भएको	१०
२	कम्तीमा एउटा शौचालय अपाङ्ग-मैत्री भएको	२
३	कम्तीमा एउटा शौचालय बाल-मैत्री भएको	२
सार्वजनिक स्थानहरूमा पहुँच		
१	सबैको पहुँच	०
२	बालबालिकाको लागि पहुँच नभएको	२

३	अपाङ्ग-मैत्री नभएको	२
४	बाल-मैत्री र अपाङ्ग-मैत्री नभएको	६
सार्वजनिक स्थानहरूमा स्वच्छता		
१	हात धुने सुविधाहरू भएको	८
२	साबुन सहितको हात धुने सुविधाहरू भएको	२

३.८. पूर्ण सरसफाइ उन्मुख गरिएका क्रियाकलाप र मौजुदा अवस्था

गैडहवा गाउँपालिका खुला दिसा मुक्त घोषणा पश्चात पूर्ण सरसफाइ उन्मुख दिशामा अगाडी बढेको गाउँपालिका हो । गैडहवा गाउँपालिका खुला दिसामुक्त घोषणा पश्चात पूर्ण सरसफाइ उन्मुख अभियानलाई निरन्तरता दिँदै अगाडि बढिरहेको गाउँपालिकाको रूपमा परिचित रहेको छ । गाउँपालिकाले खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी कार्यक्रमलाई स्थानीय विकासको महत्वपूर्ण आधारका रूपमा ग्रहण गर्दै विभिन्न सचेतनामूलक तथा व्यवहार परिवर्तनमुखी कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।

यस गाउँपालिकामा खानेपानी, सरसफाइ तथा स्वच्छताको प्रभावकारी समन्वय तथा व्यवस्थापनका लागि गाउँपालिका स्तरिय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति गठन गरिएको छ । उक्त समितिमार्फत सरोकारवाला निकायहरूबीच समन्वय, योजना निर्माण, अनुगमन तथा सरसफाइ सम्बन्धी गतिविधिहरू सञ्चालन हुँदै आएका छन् ।

गाउँपालिकाले पूर्ण सरसफाइ उन्मुख अभियानलाई संस्थागत गर्न विभिन्न जनचेतनामूलक कार्यक्रम, विद्यालय खासस्व कार्यक्रम, घरधुरी सरसफाइ प्रवर्द्धन, सुरक्षित खानेपानी प्रयोग, हात धुने बानीको विकास, फोहोर व्यवस्थापन तथा वातावरणीय सरसफाइ सम्बन्धी गतिविधिहरू सञ्चालन गर्दै आएको छ । वडा तथा समुदायस्तरमा समेत सरसफाइ अभियान, टोल विकास संस्था तथा आमा समूहको सक्रिय सहभागितामा सरसफाइ प्रवर्द्धनका कार्यक्रम सञ्चालन भइरहेको अवस्था छ ।

पूर्ण सरसफाइका विभिन्न सूचकहरू हासिल गर्न गाउँपालिकाले स्थानीय आवश्यकता तथा अवस्थाअनुसार कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । विशेषगरी सुरक्षित शौचालय प्रयोग, पूर्ण खोप, स्वच्छ खानेपानीको पहुँच, घरआँगन सरसफाइ, फोहोरको सुरक्षित व्यवस्थापन तथा विद्यालय र स्वास्थ्य संस्थामा सरसफाइ सुविधाको सुधारमा जोड दिइएको छ ।

यद्यपि पूर्ण सरसफाइ सम्बन्धी रणनीतिक योजना तथा दीर्घकालीन कार्ययोजनालाई अझ व्यवस्थित र प्रभावकारी बनाउँदै लैजान आवश्यक देखिन्छ । केही क्षेत्रमा व्यवहार परिवर्तन, फोहोर व्यवस्थापन तथा दिगो सरसफाइ अभ्यासलाई थप सुदृढ गर्नुपर्ने अवस्था रहेको पाइन्छ ।

समग्र रूपमा हेर्दा गैडहवा गाउँपालिका खुला दिसामुक्त अवस्थाबाट पूर्ण सरसफाइ उन्मुख स्थानीय तहको रूपमा क्रमशः अगाडि बढिरहेको देखिन्छ । पूर्ण सरसफाइ उन्मुखताको विस्तृत अवस्था तथा सूचकहरूको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

पूर्ण सरसफाइका सूचक र गाउँपालिकाको विद्यमान अवस्था

क्र. सं.	पूर्ण सरसफाइका सूचकहरु	विद्यमान अवस्था	कैफियत
१	योजना तर्जुमा तथा व्यवस्थापन • समन्वय समिति सकृय भएको	• गाउँपालिका स्तरिय खानेपानी, सरसफाइ तथा	

	• खानेपानी सरसफाइ तथा स्वच्छता (खासस्व) योजना तयार भएको • क्षमता विकासका लागि तालिमहरु संचालन गरिएको	स्वच्छता (खासस्व) समन्वय समिति गठन • खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना तयार हुने क्रममा रहेको • क्षमता विकासका लागि खानेपानी र सरसफाइ तालिमहरु	
२	चर्पीको समुचित प्रयोगको अवस्था • प्रत्येक घरधुरी, संघसंस्था र आवश्यकता सार्वजनिक स्थानहरुमा चर्पी निर्माण भइ प्रयोग भएको • साबुन पानीको सुविधा सहितको सुरक्षित र सफा चर्पी रहेको • खुला ठाउँमा दिसा नभेटिएको • संघसंस्था र सार्वजनिक शौचालयहरु प्रयोगकर्ता मैत्री भएको	७२.७५ प्रतिशत घरधुरीमा, १००.०० प्रतिशत विध्यालयहरुमा, १००.०० प्रतिशत स्वास्थ संस्थाहरुमा चर्पी प्रयोग भइरहेको; १० वटा स्थानहरुमा सार्वजनिक शौचालय प्रयोगमा रहेको। ८५.४६ प्रतिशत घरधुरीमा, ९१.८४प्रतिशत विद्यालयहरुमा, २५ प्रतिशत सार्वजनिक शौचालयहरुमा, १०० प्रतिशत स्वास्थ संस्थाहरुका शौचालयहरुमा हातधुने सुविधा उपलब्ध छ । शौचालय भएका विध्यालयहरु मध्ये ० लैङ्गिकमैत्री र जम्मा अपाङ्गमैत्री; स्वास्थ संस्थाहरु मध्ये ० लैङ्गिकमैत्री / ० अपाङ्गमैत्री; सार्वजनिक शौचालयहरु १० लैङ्गिकमैत्री / २ अपाङ्ग- मैत्री रहेको ।	
३	व्यक्तिगत सरसफाइ • प्रत्येक घरले उपयुक्त स्थानमा सावुन पानी सहितको हात धुने स्थान बनाएको घर, विध्यालय, स्वास्थ संस्था, सार्वजनिक कार्यालयहरुमा सावुन पानीले हात धुने सुविधा भएको घर, विध्यालय, स्वास्थ संस्था, सार्वजनिक कार्यालयहरुमा सावुन पानीले हात धुने,	८५.४६ प्रतिशत घरधुरीमा सावुनपानीसहितको हात धुने सुविधा रहेको ८१.६३ प्रतिशत विध्यालय, १०० प्रतिशत स्वास्थ संस्था / १२.५ प्रतिशत सार्वजनिक शौचालयमा सावुन सहितको हात धुने सुविधा रहेको	

	महिनावारी व्यवस्थापन लगायतका व्यक्तिगत सरसफाइ सम्वन्धि ज्ञान र अभ्यास भएको व्यक्तिगत सरसफाइमा ध्यान पुर्याएको		
४	• सुरक्षित पानीमा पहुँच तथा प्रयोग • आधारभूत स्तरको पानीमा सवैको पहुँच भएको • खानेपानी प्रणालीवाट सुरक्षित खानेपानी नभएको अवस्थामा घरायसी, विध्यालय, संघसंस्थामा पानीको शुद्धिकरणका कुनै एक विधिको प्रयोग गरेर मात्र पानी पिउने गरेको • घरेलु पानी शुद्धिकरणका आवश्यक सामग्रीहरु स्थानिय बजारमा उपलव्ध भएका	गाउँपालिकाको पछिल्लो अध्ययन अनुसार ०.०२ प्रतिशत घरहरु र ०.१४ प्रतिशत जनसंक्याको पाइप प्रणालीको खानेपानीमा पहुँच पुगेको छ । खानेपानीमाको शुद्धिकरण गर्ने सम्वन्धमा घरायसि तहमा ०.०० घरधुरीले सँधै शुद्धिकरण गर्ने गरेको, ०.०० प्रतिशत घरधुरीले कहिलेकाहिँ गर्ने गरेका छन् । खानेपानीमाको शुद्धिकरण गर्ने सम्वन्धमा विध्यालय तहमा ४२.८६ प्रतिशत विध्यालयहरुले शुद्धिकरण गर्ने गरेको, २४.४९ प्रतिशत विध्यालयहरुले कहिलेकाहिँ गर्ने गरेको । खानेपानीमाको शुद्धिकरणका सम्वन्धमा स्वास्थ संस्थाहरुको तहमा ७०.०० प्रतिशत स्वास्थ संस्थाहरुले शुद्धिकरण गर्ने गरेको, ३०.०० प्रतिशत स्वास्थ	
५	• स्वच्छ र सुरक्षित खानाको प्रयोग • घरको भान्सा, होटल तथा रेष्टुरेन्टहरु सफा रहेको र वासी तथा सडेगलेको खाना नखाने / नबेच्ने • खाना पकाउने र खाने भाँडा सफा हुनुका साथै खानेकुरा / पिउने पानी छोपेर राखेको • फलफुल तथा खानेकुराहरु राम्रोसंग सफा गरेर एवं पकाएर,तताएर खाने खुवाउने गरेको	• यी सुचकहरुमा खासस्व योजना प्रकृयाको क्रममा सूचना नलिइएको; छुट्टै अद्ध्ययन गरि सूचना लिनु पर्ने ।	

	• सुरक्षित खानाको लागि कार्यदल गठन गरि कम्तीमा चौमासिक रुपमा अनुगमन हुने गरेको		
६	*घरायसि एवं संस्थागत सरसफाइ* • घर, विध्यालय, संघसंस्था भित्र तथा बाहिर सफा रहेको • विध्यालय, संघसंस्था तथा सार्वजनिक शौचालयहरुमा महिनावारीमा प्रयोग गरिएका स्यानिटरि प्याड वा अन्य साधनहरुको सफाइ एवं विसर्जन गर्ने वैज्ञानिक व्यवस्था भएको • घर, आँगन एवं विध्यालय, संघसंस्थाबाट निस्कने फोहोरलाई कुहिने र नकुहिने बर्गिकरण गरी ती फोहोरको समुचीत व्यवस्थापन गरेको • घर, आँगन एवं विध्यालय, संघसंस्थाबाट निस्कने फोहोर पानीको सुरक्षित निस्कासन भएको • अस्पताल,उद्योग, कालकारखानाबाट निस्केको फोहोरको सुरक्षित संकलन, निस्कासन तथा विसर्जन सोही संस्थाले गर्ने गरेको • उपयुक्त तरिकाले पशुपंक्षीको गोठ तथा खोर / मलमूत्र व्यवस्थापन गर्ने गरेको • भान्सा कोठामा हावा ओहोरदोहोर हुने उचित व्यवस्था तथा धुवाँ रहित चुल्होको प्रयोग भएको	• घरायसी तहमा ..... प्रतिशत घरपरिवारले कुहिने र नकुहिने फोहोर छुट्ट्याउने गरेका छन् / फोहोर व्यवस्थापनका लागि वैज्ञानिक व्यवस्था छैन • घर, आँगन एवं विध्यालय, संघसंस्थाबाट निस्कने फोहोरपानीको सुरक्षित निस्कासनको व्यवस्थापन हुन सकेको छैन • अस्पताल,उद्योग, कलकारखानाबाट निसकेको फोहोरको सुरक्षित संकलन, निस्कासन तथा बिसर्जन सोही संस्थाले गर्ने गरेका • गोठ सुधारका कार्यक्रम परम्परागत तवरले गर्ने गरेका छन्	
७	वातावरणिय सरसफाइ • गाउँ टोल, गाउँ एवं चौतारा आदी सार्वजनिक स्थानहरुको सरसफाइको लागि सरसफाइ समिति गठन भएको • घरायसी तथा संस्थागत तहमा ठोस तथा तरल फोहोर व्यवस्थापनको आवश्यकता अनुसार उपयुक्त प्रविधिको प्रयोग भएको • मानव मलमूत्रको व्यवस्थापनका हकमा	• ठोस तथा तरल फोहोर व्यवस्थापनको लागि वैज्ञानिक तवरले ढल निकास तथा ल्यान्डफिल साइटको निर्माण गरिएको छैन	

	व्यवस्थित सेप्टिक ट्याङ्कीमा जोडिएको, पक्की वाटरसिल चर्पी लगायत अन्य उपयुक्त प्रविधिको प्रयोग भएको • गाउँ वा नगरोन्मुख क्षेत्रमा ठोस फोहोरमैला व्यवस्थापनका लागि स्यानिटरी ल्यान्डफिल साइटको पहिचान गरी निर्माणको योजना तर्जुमा भएको व्यवस्थित ढलप्रणाली (मानव मलमूत्र फोहोर व्यवस्थापन वा वैज्ञानिक फोहोर पानीको प्रशोधन प्रणाली योजना तर्जुमा भएको		

३.९. खानेपानी तथा सरसफाइको मौजुदा प्रणाली तथा प्रविधि:

गैडहवा गाउँपालिकामा हाल सञ्चालनमा रहेका खानेपानी प्रणालीहरूको अवस्था सम्बन्धी विवरण अनुसार गाउँपालिकाभित्र विभिन्न प्रकारका खानेपानी आयोजनाहरू सञ्चालनमा रहेका छन् । गाउँपालिकामा सञ्चालित खानेपानी प्रणालीहरूले स्थानीय बासिन्दालाई आधारभूत खानेपानी सेवा उपलब्ध गराउँदै आएका छन् ।

हाल गाउँपालिकाभित्र सञ्चालनमा रहेका खानेपानी प्रणालीहरूको संख्या १० रहेको छ । ती खानेपानी आयोजनामध्ये ग्राभिटी फ्लो प्रणालीमा आधारित खानेपानी आयोजना सञ्चालनमा नरहेको देखिन्छ । गाउँपालिकाको भौगोलिक बनावट मुख्यतः समथर तराई क्षेत्र भएकाले यहाँ भूमिगत जलस्रोतमा आधारित बोरिङ, ट्युबवेल तथा पम्पिङ प्रणालीमार्फत खानेपानी आपूर्ति हुने गरेको पाइन्छ ।

गाउँपालिकामा वितरण गरिएका अधिकांश धाराहरू निजी प्रकृतिका रहेका छन् । घरघरमा निजी धारा जडानको पहुँच विस्तार भएसँगै नागरिकहरूले व्यक्तिगत रूपमा खानेपानी सेवा उपयोग गरिरहेका छन् । यसले सुरक्षित तथा सहज खानेपानी पहुँच विस्तारमा सकारात्मक योगदान पुगेको देखिन्छ ।

